का.जि.प्र.का.द.नं. १००/०५९/६०
२३ साउन २०८१,
बुधबार
7 August, 2024
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न
वर्ष २२, अंक १७६ । पृष्ठ ८
Madhyanha National Daily
www.madhyanhadaily.com



## रवि लामिछानेतर्फ मोडियो सहकारी अनुसन्धान

**सहकारीको रकम अपचलनको सम्बन्धमा छानबिन गर्न गठित संसदीय विशेष छानबिन समिति राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति एवम् पूर्वगृहमन्त्री रवि लामीछानेको संलग्नताको विषयमा केन्द्रित भएको हो ।**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २२ साउन ।

सहकारीको रकम अपचलनसम्बन्धी संसदीय अनुसन्धान राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति एवं पूर्वगृहमन्त्री रवि लामीछानेको संलग्नता रहे/नरहेकोतर्फ सोझिएको छ । सहकारी संस्थाको बचत रकम दुरुपयोग सम्बन्धमा अनुसन्धान गर्न गठित संसदीय छानबिन विशेष समितिले पूर्व गृहमन्त्री रवि लामिछाने सहित २६ जनाको नाम सोधपुछ गर्ने लिस्ट तयार पारेको छ ।

लिस्टमा सहकारी ठगीमा पुर्पक्षका लागि थुनामा रहेका र बाहिर रहेकाहरू रहेका छन् । समिति सचिवालयका अनुसार पुर्पक्षका लागि थुनामा रहेकाहरूसँग पहिलो चरणमा सोधपुछ गरिनेछ । त्यसपछि सहकारी संचालकहरूसँग सोधपुछ गरिने समिति सभापति सूर्य थापाले जानकारी दिए ।

सोधपुछका लागि बोलाउने व्यक्तिहरूका लिस्टमा पूर्वगृहमन्त्री समेत रहेका लामिछाने, शिवशिखर सहकारी अध्यक्ष केदारनाथ शर्मा, कान्तिपुर सहकारी पूर्वअध्यक्ष तथा पशुपति सहकारी अध्यक्ष सीबी लामा लगायत रहेका छन् ।

उक्त सूचीमा श्री लालीगुराँस सहकारीका सुरेन्द्र भण्डारी, गोरखा सेभिङका पूर्वअध्यक्ष डीबी बम्जन, राष्ट्रिय सहकारी बैंकका अध्यक्ष केबी उप्रेती, बराह सहकारीका अध्यक्ष मानबहादुर विश्वकर्मा, क्यापिटल सहकारीका अध्यक्ष रामचन्द्र शर्मा, सिभिल सहकारीका अध्यक्ष इच्छाराज तामाङ, जीबी राई समूहका कुमार रम्तेल पनि छन् ।

सहकारी ठगीमा संलग्न रही हाल फरार रहेका जीबी राई, प्रेमध्वज लामा, देवकुमार नेपाली, तेजबहादुर तामाङ लगायत १८ जनालाई पक्राउ गर्न समितिले यसअघि नै गृह मन्त्रालयलाई निर्देशन दिइसकेको छ ।

समिति स्रोतका अनुसार अब मुख्य काम सहकारीको रकम अपचलनमा रवि लामिछानेको संलग्नता केलाउनु हो ।

समिति सभापति थापाका अनुसार समितिले गर्ने सोधपुछको लागि साझा र विशेष प्रश्नको तयारी गर्ने निर्णय गरेको छ । यसका साथै साझा प्रश्न समितिबाट पारित समेत भइसकेको छ ।

'विशेष समितिले सोधपुछ गर्ने व्यक्तिहरूको प्रारम्भिक पृष्ठ २ मा



विशेष समितिले सोधपुछ गर्ने व्यक्तिहरूको प्रारम्भिक नामावली तयार गरी व्यवस्थापन मिलाउन सम्बन्धित निकायहरूलाई पत्राचार गर्ने निर्णय भएको छ ।

**सूर्य थापा**
**सभापति**
**संसदीय विशेष समिति**

## सीआईबीबाट हटाइए ज्ञवाली

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २२ साउन ।

सरकारले अतिरिक्त महानिरीक्षक (एआइजी) श्यामलाल ज्ञवाली नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) प्रमुखबाट हटाएको छ ।

मंगलबार बसेको मन्त्रिपरिषद बैठकले सीआईबीमा एआइजी दीपक थापालाई ल्याएको छ । एआइजी श्यामलाल ज्ञवालीलाई प्रदेश समन्वय विभागमा पठाएको छ । उपत्यका प्रहरी कार्यालयमा किरण बज्राचार्य र कार्य विभागमा रामदत्त जोशीलाई सरुवा गरिएको छ ।

यसअघि ज्ञवाली सीआईबी प्रमुख थिए भने थापा उपत्यका प्रहरी कार्यालयमा थिए । बज्राचार्य प्रहरी प्रधान कार्यालयमा थिइन् भने जोशी हालै बढुवा भएका हुन् ।

श्यामलाल ज्ञवाली सुन तस्करी प्रकरणका आरोपी जीवन चलाउनेसँग आर्थिक सहयोग मागेको लगायतका आरोपमा गृह मन्त्रालयको आन्तरिक अनुसन्धानमा थिए । आन्तरिक अनुसन्धानमै रहेका बेला उनलाई सरकारले सीआईबी प्रमुखबाटै हटाएको हो ।

पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारमा गृहमन्त्री नारायणकाजी श्रेष्ठ हुँदा सीआईबी प्रमुखमा बज्राचार्य थिइन् । त्यसबेला सीआईबीले त्रिभुवन विमानस्थलबाट भएको सुन तस्करी प्रकरणमा बदनियतपूर्वक अनुसन्धान गरेको आरोप लागेको थियो ।

सुन तस्करी प्रकरणको अध्ययन गर्न पूर्वन्यायाधीश डिल्लीराज आचार्यको नेतृत्वमा बनेको उच्चस्तरीय आयोगले प्रमुख बज्राचार्यसहितका अधिकृतहरुलाई कारबाही गर्न सिफारिस गरेको थियो ।

२१ फागुन २०८० मा सत्ता समीकरण फेरिएपछि प्रचण्ड नेतृत्वको सरकारमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने गृहमन्त्री भए । उनले त्यही प्रतिवेदनलाई देखाएर सुरुमै बज्राचार्यलाई सीआईबी प्रमुख बज्राचार्य हटाए र श्यामलाल ज्ञवालीलाई ल्याए ।

त्यसपछि सुन तस्करी प्रकरणमा ज्ञवाली नेतृत्वको सीआईबीले गरेको अनुसन्धानमा कतिपय नेताहरुलाई उन्मुक्ति दिएको आरोप लागेको थियो ।

प्रचण्ड नेतृत्वको सरकार ढलेर एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वमा नयाँ सरकार बनेपछि ज्ञवालीमाथि नै गृह मन्त्रालयले आन्तरिक अनुसन्धान शुरु गरेको हो ।

गृह मन्त्रालयले अनुसन्धान गरिरहेका ज्ञवालीलाई सरकारले सीआईबीबाट हटाएको हो ।

एक मन्त्रीका अनुसार विभिन्न बैंकसँग जोडिएका लेनदेन, जन्ममितिको विवाद सहितका विषयमा प्रहरीकै उजुरी छानबिन शाखामा निवेदन परेको र अनुसन्धान चलिरहेका कारण ज्ञवालीलाई सीआईबीबाट हटाइएको हो ।

ज्ञवालीमथि प्रहरी अतिरिक्त महानिरिक्षक (एआइजी) टेकप्रसाद राईको नेतृत्वको समितिले छानबिन गरिरहको छ ।



सुन तस्करी प्रकरणका आरोपी जीवन चलाउनेसँग आर्थिक सहयोग मागेको, बैंकसँग जोडिएका लेनदेन, जन्ममितिको विवादसहितका विषयमा गृह मन्त्रालयको आन्तरिक अनुसन्धानमा रहेका श्यामलाल ज्ञवालीलाई सरकारले सीआईबी प्रमुखबाट हटाएको हो ।

## राज्यको पुगेन ध्यान हजारौं किसान प्रभावित



जीर्ण चन्द्र नहर

**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, २२ साउन

अविरल वर्षापछिको बाढीले चन्द्र नहरमा क्षति पुऱ्याएको छ । केहीदिन अघिको बाढीले सप्तरी खण्डमा पर्ने तीन ठाउँ नहर फुटाएको छ । महुली खोला नजिकै २५ मिटर, बडहरा नजिकै १६ मिटर र बनरा खोला नजीक १५ मिटर नहर फुटेको हो।

नहर फुटेपछि समयमा बाँध निर्माण नगरेकाले मैनाकडेरीदेखी तलका किसानहरुको सिंचाइ प्रभावित भएको छ । चन्द्र नहर सिंचाइ प्रणालीका इन्जिनियर प्रमोद जयसवाल महादेवासम्म फेरि पानी पठाउने गरी काम गरिने बताउँछन् ।तर, स्थानीय किसान चन्द्र नहरको व्यवस्थापनमा सरकारले आवश्यक ध्यान नदिँदा आफूहरु समस्यामा पर्दै आएको बताउँछन् ।

तीन वटै तहका सरकारका प्रतिनिधिहरू किसानलाई उच्च प्राथमिकतामा राखेर काम गर्ने प्रतिवद्धता जनाउँछन् । तर, व्यवहार त्यसअनुरुप नहुँदा सप्तरीको जीर्ण बनेको चन्द्र नहर मर्मत हुन सकेको छैन । अहिले सिंचाई समस्याले हजारौं किसान प्रभावित भइरहेका छन् । पछिल्लो दुईदशकदेखि सुनैर खोला र महुलीखोला बीच पर्ने खण्डमा वर्षेनि नहर फुट्ने गरेको छ । यो समस्याको दीर्घकालीन समाधान नहुँदा हजारौं किसानहरुको सिंचाई नपाएर प्रभावित हुने गरेका छन् ।

बनरा खोला, सुनैर खोला र महुली खोलाबीचमा आउने गरेको पानीले वर्षेनि नहर फुट्ने समस्याका कारण सिंचाइ प्रभावित हुने गरेको किसानहरूको गुनासो छ । अकाशे पानीको भरमा खेती हुने किसानका लागी चन्द्र नहर वैकल्पिक सिंचाइ प्रणाली हो । तर, शताब्दी पुरानो नहर फुट्दा किसान प्रभावित हुने गरेका छन् । पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## जापानमा जनसंख्या वृद्धिदर घट्दै जाँदा विदेशी कामदारले अवसर पाउने आंकलन

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ साउन

दक्षिण पूर्वी एसियाको विकसित मुलुक जापानमा जनसंख्या वृद्धिदर घट्दै जाँदा विदेशी कामदारले राम्रो अवसर पाउने अवस्था देखिएको छ । समाचार संस्था रोयटर्सका अनुसार जापान सरकारले राखेको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न सन् २०४० मा १० लाख विदेशी कामदार भित्र्याउनु पर्नेछ ।

हाल पनि जापानले विभिन्न क्षेत्रमा कामदार अभावको सामना गरिरहेको छ । गत वर्षको अक्टोबरसम्ममा जापानमा विदेशी कामदारको संख्या चार गुणाले बढेर २.०५ मिलियन अर्थात सम्पूर्ण श्रमशक्तिको ३ प्रतिशतमा पुगेको छ । जुन विगत १५ वर्षयताको धेरै हो ।

जापान अन्तर्राष्ट्रिय सहयोग एजेन्सी (जाइका)को अनुसन्धानले हालको गतिमा नै विदेशी कामदार बढ्दै गए करिब १५ वर्षपछि सन् २०४० मा विदेशी कामदारको संख्या १० लाख नाघ्न पनि सक्नेछ ।

शोधकर्ताहरूले भियतनाम, म्यानमार र कम्बोडिया जस्ता देशबाट जापानमा प्रवासी कामदार गइरहेका छन् । ती मुलुकमा अपेक्षित आर्थिक वृद्धि भएमा जापानले विदेशी कामदारका लागि नयाँ स्रोत मुलुक खोज्नुपर्ने छ । अध्ययनले घट्दो जन्मदरका कारण श्रमको अभावलाई पूरा गरी अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाउन जापानमा विदेशी कामदारहरूको विकल्प नभएको बताएको छ ।

जापान सरकारले आप्रवासी कामदारलाई स्वीकार गर्ने स्थानीय जनमतलाई सहज बनाउनका लागि दक्ष रोजगारीका लागि वर्क पर्मिट अनुमति विस्तार पृष्ठ २ मा

### वैदेशिक रोजगारमा पठाउने भन्दै करिब दुई करोड ठग्ने पक्राउ

**काठमाडौं/मस-** वैदेशिक रोजगारीका लागि विभिन्न देश पठाइदिने भन्दै करिब दुई करोड रूपैयाँ ठगी गरेको अभियोगमा प्रहरीले एक जनलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा सिरहा करजन्हा नगरपालिका-६ घर भइ हाल ललितपुर महालक्ष्मी नगरपालिका-४ इमाडोल बस्ने ३२ वर्षीय गुनेशकुमार ठाकुर रहेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका सूचना अधिकारी एवम् प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिए ।

काठमाडौंको बसुन्धारामा ओम इन्टरनेशनल प्रा.लि. पृष्ठ २ मा

## कमजोर सडकले सिमलताल दुर्घटना



**शिव विक/मध्यान्ह**
काठमाडौं, २२ साउन ।

चितवनको भरतपुर महानगरपालिका-२९ स्थित सिमलतालमा भएको दुर्घटनाबारे अध्ययन गर्न गठित कार्यदलले प्रतिवेदन सरकारलाई बुझाएको छ । सहसचिव छवि रिजाल नेतृत्वको कार्यदलले मंगलबार गृहमन्त्री रमेश लेखकलाई प्रतिवेदन बुझाएको हो ।

अध्ययन कार्यदलले डिजाइन बिनाको कमजोर सडककै कारण सिमलतालमा ६५ जना बेपत्ता हुने गरी दुई वटा बस पहिरोसहित त्रिशुलीमा बगेको निचोड निकालेको छ ।

सिमलताल-बाङ्गेसाल-डुम्रेगाउँ सडक बनाउँदा भएको कमजोरीको कारण दुईवटा डिलक्स बस त्रिशूलीमा खसेको छानबिन निष्कर्ष छ । यो सिमलतालमाथि हालसालै निर्माण भएको सडक हो ।

कमजोर भूगोल तथा अत्यधिक क्रस स्लोप भएको र इन्जिनियरिङ डिजाइन बिनाको सडक बनाउँदा बर्सातमा त्यसको असर देखिएको प्रतिवेदनमा उल्लेख गरेको छ ।

'सडक बनाउँदा कट एण्ड फिल एप्रोचमा काम नगरेर कटिङबाट मात्र पृष्ठ २ मा

अध्ययन कार्यदलले डिजाइन बिनाको कमजोर सडककै कारण चितवनको सिमलतालमा ६५ जना बेपत्ता हुने गरी दुई वटा बस पहिरोसहित त्रिशूली बगेको निचोड निकालेको हो ।

### विपद्ले लग्यो एकै दिन ११ को ज्यान

मंगलबार प्राकृतिक विपद्का घटनामा परी देशभर ११ जनाको मृत्यु भएको छ । नेपाल प्रहरीका अनुसार सोमबारसम्म मनसुनजन्य विपद्का घटनामा परेर १५४ जनाको मृत्यु भएको थियो । बुधबार यसमा एकै दिन ११ जना थपिएका हुन् । यो सँगै यस वर्षको पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२३ साउन २०८१, बुधबार
7 August 2024, Wednesday

# डेंगु र हैजाका संक्रमित बढ्दो

**काठमाडौं / मस**–बर्खा यामसँगै डेंगु र हैजा संक्रमितको संख्या बढ्दै गएको पाइएको छ । देशभर कीटजन्य तथा पानीजन्य रोगको संक्रमण बढ्दै गएको हो । स्वास्थ्य सेवा विभागअन्तर्गत इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी)का अनुसार डेंगुबाट एकजनाको मृत्यु भएको छ ।

गत पुसदेखि हालसम्म देशभर दुई हजार तीन सय ६५ जनाबाट संक्रमित छन् । ७३ जिल्लामा डेंगु सङ्क्रमण फैलिएको छ । कोशी प्रदेशमा पाँच सय ३७, मधेसमा ४६, बागमतीमा सात सय ४७, गण्डकीमा पाँच सय आठ, लुम्बिनीमा दुई सय ४७, कर्णालीमा ३८ र सुदूरपश्चिममा दुई सय ४२ जना संक्रमित भएका हुन् । काठमाडौं उपत्यकामा दुई सय ८७, कास्कीमा एक सय ३७, झापामा एक सय ३३, चितवनमा एक सय १६ र तनहुँमा एक सय १० जना संक्रमित छन् ।

यसैबीच देशका चार जिल्लामा हैजाका बिरामी फेला परेका छन् । स्वास्थ्य सेवा विभागअन्तर्गतको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा.यदुचन्द्र घिमिरेले काठमाडौं, ललितपुर, कैलाली र प्यूठानमा हैजाका बिरामी देखिएको बताए ।

उनका अनुसार यी चार जिल्लामा



३० जनामा हैजा पुष्टि भएको छ । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा हैजा परीक्षण गराउँदा ललितपुरमा १९, काठमाडौंमा एक, कैलालीमा आठ र प्यूठानमा दुई जनामा हैजा पुष्टि भएको हो ।

हैजा अतिसंक्रामक र शीघ्र फैलिने झाडापखाला भएकाले यसका मुख्य लक्षणमा चौलानी पानी जस्तो दिसा आउने, वाकवाकी लाग्ने र बान्ता हुने, कडा जलवियोजन हुने गर्दछ । सङ्क्रमणले गम्भीर अवस्थामा आँखा गाडिने, मुख, जिब्रो र घाँटी सुक्खा हुने, पिसाबको रङ पहेलो हुने, रक्तचाप कम हुने, मुटुको धड्कन अनियन्त्रित हुने र बेहोस हुनेजस्ता समस्या हुने गरेका चिकित्सकले जनाएका छन् ।



हैजाका बिरामीलाई तुरुन्तै अस्पताल नपुऱ्याए ५० प्रतिशत मृत्यु हुने सम्भावना हुने भएकाले सतर्कता अपनाउने र झिँगा लागेको, बासी, सडेगलेको, नपाकेको, चिसिएको खुला स्थानका खाद्यपदार्थ नखान, पानी उमालेर वा क्लोरिन प्रयोग गरेरमात्र प्रयोग गर्न र गराउन, व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिन महाशाखाले अनुरोध गरेको छ ।

**'थप सेवा उपलब्ध नभए मात्र अन्य संस्थामा पठाउनु'**

स्वास्थ्य मन्त्रालयले आकस्मिक कक्षमा उपचार गर्न आउने बिरामीलाई थप सेवा आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध नभए मात्र अन्य संस्थामा पठाउन आग्रह गरेको छ । मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले मंगलबार एक विज्ञप्ति जारी गरी इमर्जेन्सीमा आउने बिरामीलाई उपचार दिएर स्वास्थ्य अवस्था स्थिर बनाउन र थप सेवा आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध नभए सेवा पाउने ठाउँमा पठाउन आग्रह गरेका हुन् । अर्को अस्पतालमा पठाउँदा सो अस्पतालसँग समन्वय गरेर बिरामीलाई पठाउन पनि मन्त्रालयले आग्रह गरेको छ ।

विज्ञप्ति मार्फत मन्त्रालयले नेपालको संविधानले नागरिकलाई आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगर्ने भनेको र जनस्वास्थ्य ऐन २०७५ ले आपतकालीन अवस्थामा परी जीवन जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरुको जीवनलाई जोखिममुक्त गर्न, जीवन वा अंग गुम्नबाट बचाउन आवश्यकता अनुसार दिनुपर्ने तत्कालको सेवा स्वरुप आकस्मिक सेवा दिन स्मरण गराएको छ ।

# कृषि औजार कारखानाबारे थप अध्ययन गरिने



**पर्सा / मस**– कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले वीरगञ्जस्थित कृषि औजार कारखानाको विषयमा सरकारले गर्नसक्ने सहयोगबारे विस्तृत अध्ययन र छलफल गरेर आवश्यक निर्णय गर्ने बताएका छन् । मन्त्री अधिकारीले मंगलबार कारखानाको स्थलगत अनुगमन गर्दै भने, 'कारखानाको विषयमा आगामी दिनमा मन्त्रालयमा घनिभूत रुपमा छलफल गरेर के सहयोग गर्न सकिन्छ । सो विषयमा आवश्यक निर्णय गरिनेछ ।' उनले कृषि औजार कारखानाको विषयमा पर्याप्त जानकारी भएपछि मात्रै निर्णय गर्न सहज हुने धारणा राखे । राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष महावीर पुन र कृषि औजार कारखाना वीरगञ्जका इन्चार्ज तथा इन्जिनियर रितेश देवले केन्द्रले सञ्चालन र व्यवस्थापन गर्दै आएको कारखानाको विषयमा मन्त्री अधिकारीलाई जानकारी गराएका थिए ।

केन्द्रका अध्यक्ष पुनले सरकारसँग हातेमालो गरेर अघि बढ्न चाहेको बताए । 'अहिलेसम्म जे-जे भयो । सबै कुरा बिर्सिएर अब नयाँ सोच र ढङ्गबाट अघि बढ्न जरुरी छ', उनले भने, 'कृषि औजार कारखाना वीरगञ्जमा निकै पुराना खालका औजारका मेसिन छन् । त्यसैले अब आधुनिक मेसिन जडान गरेर साना खालका कृषि औजार उत्पादन गर्न आवश्यक छ ।'

कृषि औजार कारखाना सञ्चालन समितिका संयोजक तथा वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले विसं २०७९ भदौ ३१ गते बसेको मन्त्रिपरिषद्को बैठकले तीन दशकदेखि बन्द रहेको कृषि औजार कारखानाको व्यवस्थापन र सञ्चालन गर्न केन्द्रलाई १० वर्षका लागि उपलब्ध गराउने निर्णय गरेको जानकारी दिए । 'केन्द्रले योजना निर्माण, जनशक्ति विकास र कृषि औजार उत्पादन तथा बजारीकरण गर्नेछ', उनले भने, 'कारखानाबाट उत्पादित सामग्री करपछिको रकम ५० प्रतिशत राष्ट्रिय आविष्कार केन्द्र कोष खडा गरी राखिनेछभने बाँकी ५० प्रतिशत सरकारको राजस्व ढुकुटीमा जम्मा गर्नुपर्ने व्यवस्था छ ।'

सरकारले विसं २०७९ असोज ११ गते वीरगञ्जस्थित कृषि औजार कारखाना राष्ट्रिय आविष्कार केन्द्रलाई सञ्चालन तथा व्यवस्थापनको जिम्मा दिएको थियो । तत्कालीन अर्थमन्त्री जनार्दन शर्माको उपस्थितिमा अर्थमन्त्रालयका तत्कालीन सहसचिव रमेश केसी र राष्ट्रिय अविष्कार केन्द्रका अध्यक्ष महावीर पुनले सम्झौतामा हस्ताक्षर गरेका थिए । केन्द्रले कारखाना जिम्मा लिएको २२ महिनामा १८-२० थरीका कृषि औजार तथा उपकरण तयार पारेको छ ।

केन्द्रले औपचारिक रुपमा विसं २०७९ माघ महिनामा काम शुरु गरेको थियो । वीरगञ्जस्थित कृषि औजार कारखानाका इन्चार्ज रितेश देवले केन्द्रले छोटो अवधिमा कारखानामा रहेका पुराना र जीर्ण उपकरण मर्मतसम्भार गरी सञ्चालन गर्नसक्ने अवस्थामा ल्याएको बताए । केन्द्रका अध्यक्ष पुनले ३० वर्षदेखि बन्द कारखानालाई सञ्चालन गर्न आफ्नो आत्मवृत्तान्त 'महावीर पुन, सम्झना, सपना र अविरल यात्रा' नामक पुस्तक देशव्यापी रुपमा बिक्री गरिरहेका छन् ।

# लैंगिक समावेशीकरणसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन हुँदै

**काठमाडौं / मस**– राष्ट्रिय मानव अधिकार संस्थामा लैंगिक समावेशीकरण सम्बन्धी एसिया प्रशान्त क्षेत्रका २६ देशका अन्तर्राष्ट्रिय सम्मेलन काठमाडौंमा हुने भएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगले मंगलबार पत्रकार सम्मेलन गरी दिएको जानकारी अनुसार आयोगले राष्ट्रिय मानव अधिकार संस्थाको एशिया प्रशान्त मञ्चसँगको समन्वयमा आगामी भदौ १८ देखि २० गतेसम्म काठमाडौंमा अन्तर्राष्ट्रिय सम्मेलन गर्न लागेको हो ।

उक्त सम्मेलनमा नेपाल सरकार, राष्ट्रिय मानव अधिकार संस्थाको एशिया प्रशान्त मञ्चमा आबद्ध २६ देशका राष्ट्रिय मानव अधिकार संस्था, राष्ट्रिय मानव अधिकार संस्थाको एशिया प्रशान्तमञ्च, मानव अधिकार उच्चायुक्तको कार्यालय, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम नेपाल, युएन



वुमेन, युएनएफपीएलगायतको सहभागिता रहने अपेक्षा गरिएको आयोगका सहसचिव नवराज सापकोटाले जानकारी गराए ।

आयोगका अध्यक्ष तपबहादुर मगरले यस सम्मेलनले मानव अधिकार संस्था स्थापनासम्बन्धी पेरिस सिद्धान्त १९९३ को लैङ्गिक दृष्टिकोणबाट लेखाजोखा गर्दै राष्ट्रिय मानव अधिकार संस्थाभित्र लैङ्गिक समानता कायम गर्नमा देखिएका चुनौतीको पहिचान, समाधानका उपायसहित सुझाव प्रस्तुत गर्ने बताए । सम्मेलनले मानवअधिकार संस्थाहरूको आन्तरिक र बाह्य कार्यमा लैङ्गिक समानतामा देखिएका प्रणालीगत अवरोधको पहिचान गर्दै सम्बोधन गर्न र विश्वव्यापी मुद्दाको सामना गर्दा लङ्गिक समानतालाई प्राथमिकतामा राख्ने विषयमा छलफल गरी निष्कर्ष निकाल्ने अपेक्षा गरिएको छ ।

आयोगका सदस्य लीली थापाले यस सम्मेलनले अन्तर-मानव अधिकार संस्थाको संवादलाई प्रोत्साहन गर्ने, असल अभ्यास आदानप्रदान गर्ने तथा राष्ट्रिय मानव अधिकार संस्थाभित्र लैङ्गिक मूलप्रवाहिकरण र समावेशिकरणलाई बढवा दिन दिशानिर्देश गर्नेमा विश्वस्त रहेको बताइन् ।

आयोगका सहसचिव सापकोटाले सम्मेलनमा एक सय ५० जनासम्म सहभागी हुने अनुमान गरिएको जानकारी गराए । उनका अनुसार हालसम्म भारत, फिजी, इन्डोनेसिया, इराक, जोर्डन, मलेसिया, माल्दिभ्स, मङ्गोलिया, ओमान, फिलिपिन्स, कतार, थाईल्याड, टिमोरलगातयका १७ राष्ट्रका राष्ट्रिय मानव अधिकार संस्थाले सहभागिताको प्रतिबद्धता जनाइसकेका छन् । तीन दिनसम्म चल्ने सम्मेलनमा विषय केन्द्रीत भई सात वटा सत्रमा छलफल हुने जनाइएको छ ।

# स्वास्थ्य कार्यालयको स्टोरमा म्याद गुज्रिएका औषधि

**नुवाकोट / मस**– स्वास्थ्य कार्यालय नुवाकोटले पछिल्लो १० वर्षदेखि म्याद सकिएका औषधिजन्य सामग्री नष्ट गर्न बजेट अभावले भण्डारण कक्ष (स्टोर)मा राख्न बाध्य भएको छ ।

जिल्लामा रहेका स्वास्थ्य संस्थामार्फत बिरामीलाई निःशुल्क वितरण गर्न कार्यालयले खरिद गरेको र माथिल्ला निकायबाट प्राप्त गरेका औषधि उपभोग भएसँगै म्याद सकिएर थन्किएको कार्यालयका जनस्वास्थ्य अधिकृत झमप्रसाद आचार्यले जानकारी दिए ।

उनका अनुसार म्याद सकिएका औषधि तोकिएका मापदण्डअनुसार नष्ट गर्ने प्रक्रिया पूरा गर्न बजेट अभावमा पछिल्लो १० वर्षदेखि स्टोरमा थन्किएको छ ।

म्याद सकिएका औषधिजन्य सामग्रीमा विपद् र महामारीमा प्रयोग गर्ने औषधि धेरै छन् । कोभिड-१९ र भूकम्पको समयमा वितरण गर्न प्राप्त भएको तर, उपभोग नहुँदा म्याद गएका औषधि हालसम्म स्टोरमा थन्किएका छन् ।

बागमती प्रदेश सरकार मातहत पर्ने स्वास्थ्य कार्यालयमा पछिल्ला वर्षमा म्याद सकिएका




औषधिको परिणाम वृद्धि हुँदै गएको छ । छोटो अवधिको म्याद रहेका र जिल्लाबाट माग नभई प्राप्त भएका औषधि खपत नहुँदा म्याद सकिएर थन्किने दर बढेको हो ।

विगत एक दशकदेखि जम्मा भएका ती औषधि ६० पोकाभन्दा बढी छन् । उक्त औषधिको खरिद लागत मूल्य यकीन नभए पनि रु तीन करोड हाराहारमा रहेको अनुमान छ । अब ती औषधि नष्ट गर्न करीब रु २० लाख बजेट आवश्यक पर्ने जनस्वास्थ्य अधिकृत आचार्यको भनाइ छ ।

कार्यालयको स्टोर साघुँरो र अव्यवस्थित छ । सोही स्थानमा म्याद गुज्रिएका औषधि गोदाम गर्दा सेवा प्रवाह चित्त बुझ्दो नदेखिएको उपभोक्ता हित संरक्षण मञ्च नुवाकोटका अध्यक्ष इन्द्रबहादुर पण्डितको भनाइ छ ।

जिल्लाका स्वास्थ्य सेवा प्रवाह गर्ने संस्थाको अनुगमन र औषधि वितरण प्रभावकारी बनाउन निर्देशन दिनुपर्ने कार्यालयको आफ्नै स्टोर भने अव्यवस्थित हुनु अस्वाभनीय देखिन्छ । एउटै स्टोरमा म्याद सकिएका र बिरामीलाई निःशुल्क वितरण गर्न जिल्लाका पालिका र स्वास्थ्य एकाइलाई उपलब्ध गराउने औषधि राख्नु कानूनी र नैतिकताले नमिल्ने उनको सुझाव छ ।

**रवि...**

नामावली तयार गरी व्यवस्थापन मिलाउन सम्बन्धित निकायहरूलाई पत्राचार गर्ने निर्णय भएको छ' सभापति थापाले भने । नेपाली कांग्रेसले लामिछानेको संलग्नता सहकारीको रकम अपचलनमा रहेको दाबी गर्दै संसदीय छानबिनको माग गरेको थियो । सोही मागका आधारमा १५ जेठ २०८१ मा प्रतिनिधि सभाले संसदीय विशेष छानबिन समिति गठन गरेको हो ।

समितिमा सभापति थापासहित एमालेकी सरिता भुसाल, कांग्रेसबाट ईश्वरी न्यौपाने र दिलेन्द्र प्रसाद बडू, माओवादीबाट लेखनाथ दाहाल, रास्वपाबाट शिशिर खनाल र राप्रपा ध्रुवबहादुर प्रधान सदस्य रहेका छन् । संसदीय छानबिन समितिलाई चार वटा कार्यादेश दिइएको थियो ।

जसमा गोरखा मिडिया नेटवर्कमा पैसा गएका सहकारीको छानबिन गर्ने विषय समेत छ । लामिछाने राजनीतिमा आउनु अगाडि गोरखा मिडिया नेटवर्कमा प्रबन्ध निर्देशक थिए ।

सहकारी संस्था सदस्य (शेयरधनी) एवं बचतकर्ताबाट सहकारी संस्थामा जम्मा गरिएको रकम हिनामिना, अपचलन, अनुचित लेनदेन गरी हानी नोक्सानी पुऱ्याएको भनी संघीय संसद र सार्वजनिक रूपमा उठेका प्रश्नहरूको समेत अध्ययन गर्न भनिएको छ ।

विभिन्न सहकारी संस्थाहरूबाट गोरखा मिडिया नेटवर्क प्रालि लगायत अन्य कम्पनी वा संस्थाहरूमा प्रवाह भएको रकमको स्थिति अध्यन गर्न कार्यादेश दिइएको छ । त्यस्तो रकम गैर कानुनी रूपमा प्रवाह भए-नभएको र त्यस्तो गैर कानुनी वा अनुचित कार्यमा कोही संलग्न देखिएमा त्यस्ता व्यक्तिहरूको बारेमा अध्ययन गरी जोखिममा परेको रकमको असुलीको उपाय र संलग्न देखिएका व्यक्तिहरूलाई कानुन बमोजिम कारबाहीका लागि आवश्यक सिफारिस गर्ने अधिकार विशेष समितिलाई दिइएको छ ।

यही कार्यादेशमा छानबिन समिति केन्द्रित भएसँगै सहकारी अनुसन्धान रवि लामिछानेतर्फ मोडिएको हो । यसका अलावा छानबिन समितिलाई सहकारी संस्थाहरूमा देखिएको संकट तथा त्यससँग जोडिएको कानुनी र संस्थागत प्रयोजन एवं वित्तीय प्रणालीको नियमन, सुपरिवेक्षण र पारदर्शिता सम्बन्धमा अध्ययन गरी सुझाव दिन भनिएको छ ।

समस्यामा परेका सहकारी संस्थाका बचतकर्ताको बचत रकमको सुरक्षा गर्न, जोखिममा रहेको तथा दुरुपयोग भएको बचत रकम छिटो र सहज ढंगले फिर्ता गर्न सकिने उपायका सम्बन्धमा अध्ययन गरी सिफारिस गर्ने अधिकार दिइएको छ । बचतकर्ताको बचत सुरक्षा र बचत फिर्ता अविलम्ब गर्नेबारे पनि उपाय सुझाउन भनिएको छ ।

**राज्यको...**

यो नहर नेपाल-जापान सरकारको मैत्रीपुर्ण सहयोगमा पुनः निर्माण समेत भईरहेको छ । आधुनिक चन्द्र नहरमा ११ दशमलव ५ घनमिटर पानी डिस्चार्ज हुने चन्द्र नहर सिंचाइ प्रणालीका इन्जिनियर जयवालले बताए । उनका अनुसार नहरमा पर्ने सैफन र पुलहरुको काम प्रगतिमा रहेको छ । चन्द्र नहरको पानीबाट सिंचाइ हुने तिरहुत, महादेवा र अग्निसाइर कृष्णसंवरण गाउँपालिकाका किसानहरुलाई प्रजातन्त्र बहालीपछि नियमित पानी प्रवाह गर्न सकेको छैन ।

तर चन्द्र नहर सिंचाइ प्रणालीमा करोडौं रकम खर्च हुँदा समेत किसानहरु वर्षेनी मारमा परिरहेका हुन् । किसानप्रति चन्द्र नहर संस्थान उत्तरदायी नहुँदा किसानहरुको अपेक्षित उत्पादनमा कमि आउने गरेको बताउँछन् ।

सप्तकोसी नगरपालिका-९ का किसान श्याम नारायण यादवले चन्द्र नहरलाई केही व्यक्तिले दुहुनो गाई बनाएको आरोप लगाएका छन् । अखिल नेपाल किसान महासंघको अगुवाईमा सोमबार जलस्रोत तथा सिंचाइ बिकास डिभिजन कार्यालय राजविराज पुगेका उनले मुलनहर र शाखा नहरहरुको उपभोक्ता समन्वय समिति पुनःगठन गर्नुपर्ने बताएका छन् । शाखा नहरहरुमा समेत पुनः निर्माण आवश्यक रहेको बताउँदै उनले सो बारे सरकारको ध्यानाकर्षण गराए ।

चन्द्र नहर सप्तरीको उत्तरपूर्वी क्षेत्रमा राणाकालीन प्रधानमन्त्री चन्द्रशमशेरले स्थापना गरेको नेपालको पहिलो सिंचाइ परियोजना हो । यसको निर्माण वि.स. १९७९ मा शुरु भई वि.स.१९८५ मा सम्पन्न भएको थियो ।

करिब ३१ किलोमिटर लामो चन्द्र नहरबाट सप्तकोसी नगरपालिका, कन्चनरुप नगरपालिका, तिरहुत गाउँपालिका, हनुमाननगर कंकालनी नगरपालिका, महादेवा गाउँपालिका र अग्निसाइर कृष्णसंवरण गाउँपालिका-४ का ग्रामिणक्षेत्रका किसानहरुलाई सिंचाइ सुविधा पुऱ्याइरहेको छ ।

सप्तरी र उदयपुरको सिमाना नदी त्रीयुगादेखि दुई किलोमीटर उत्तरमा पर्ने काली खोलाबाट पानी ग्रामीण क्षेत्रमा पुऱ्याउन यो नहरको डिजाइन नेपालको पहिलो इन्जिनियर डिल्लीजंङ थापाले गरेका थिए । यस नहरबाट सप्तरीका लगभग साढे १० हजार हेक्टर जमिनमा सिंचाइ हुने गरेको छ ।

**कमजोर ...**

सडक बनाउँदा अत्यधिक निस्केको माटो छेउमा फ्याँकिएको र टेवा पर्खाल नहुँदा डेब्रिज सिन्दुरे खोल्सा हुँदै बगेको देखिन्छ' प्रतिवेदनमा भनिएको छ । बगेको डेर्ब्रिजको प्रेसर चेक ड्याम र ग्याबिन वालले धान्न नसकेपछि बाढीसँगै आएको लेदो, गेग्रान र डेब्रिजले सडक क्रस गर्दै गरेका दुईवाट बस धकेलेर त्रिशूलीमा खसालेको कार्यदलको निष्कर्ष छ ।

गत असार ३१ गते गृहमन्त्री लेखकले कार्यदल गठन गरेका थिए । कार्यदलले सडक डिभिजन भरतपुरले डेब्रिज सफा गर्दा माथिल्लो साइडमा थुप्रिएको डेब्रिज बगेर सडकतिरै आउन सक्छ भन्नेमा ध्यान नदिएको प्रतिवेदनले औंल्याएको छ । 'कल्भर्ट र क्याचपिट नियमित सफा गरेको देखिँदैन' प्रतिवेदनमा भनिएको छ ।

सडक बनाउँदा वातावरणीय पक्षको ध्यान नदिएको पनि प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनमा अगाडि भनिएको छ,'एकीकृत सूचना प्रणाली नहुँदा सवारी चालकले सडकको अवस्था पूर्वानुमान नगरेको र सुरक्षाकर्मीले पनि बस रोक्न आवश्यक ठानेनन् ।'

गत असार २८ गते गणपति र एन्जल डिलक्स त्रिशूलीमा पहिरोसहित बग्दा बेपत्ता भएका थिए । दुवै बसमा सवार ६५ जनामध्ये अझै ४० जना यात्रुको अवस्था अज्ञात छ । बसमा सवार २५ जनाको भने शव भेटिएको छ ।

**विपदले...**

मनसुनजन्य विपद्का घटनामा परेर गत जेठ २८ गतेदेखि मंगलबारसम्म १६५ जनाको मृत्यु हुन पुगेको छ ।

देशका विभिन्न स्थानमा आएको बाढी, पहिरो लगायतका विपद्मा परेर मानवीय क्षेतिका साथै अन्य भौतिक क्षति समेत भएको छ । प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीका अनुसार बाढी, पहिरोलगायतका विपद्मा परी काठमाडौं उपत्यकामा तीन, कोशी प्रदेशमा २५, मधेश प्रदेशमा ६ जनाको मृत्यु भएको छ । बागमती प्रदेशमा ३०, गण्डकी प्रदेशमा ५०, लुम्बिनी प्रदेशमा ३३, कर्णाली प्रदेशमा आठ र सुदूरपश्चिम प्रदेशमा १० जनाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

विपद्मा परेर १९८ जना घाइते भएका छन् भने १५१ जना बेपत्ता छन् । प्रहरी प्रवक्ता कार्कीका अनुसार मंगलबार मात्रै थप चार जना बेपत्ता भएका छन् ।

**जापानमा...**

गरेको छ । तर जापानी येनको कमजोरी, परम्परागतरूपमा कम पारिश्रमिक र मानव अधिकारलगायतका मुद्दाहरूमा सुधार गरेर आप्रवासी कामदारका लागि जापान सुरक्षित रहेको सन्देश दिनुपर्नेमा कतिपय विज्ञहरूले सुझाव दिएका छन् । जापानमा नेपालीको संख्या एक लाखभन्दा धेरै रहेको र उक्त संख्या करिब ६ प्रतिशतले बढिरहेको बताइएको छ । उनीहरू वर्कपर्मिट लिएर नभइ विद्यार्थी भिसामा गएर उनीहरू उतै रोजगारी र व्यवसाय गरिरहेका छन् ।

**वैदेशिक...**

नामको कम्पनी खोलेर ठाकुरले वैदेशिक रोजगारीमा दुबई, कतार, साउदी अरब, मलेसिया र कुवेतलगायत देशमा पठाउने भन्दै ठगी गरेको प्रहरीले बताएको छ । उनले रवीन्द्र सापकोटासँगको साझेदारीमा एक करोड ९७ लाख १७ हजार ठगी गरेको प्रहरीको भनाइ छ ।

ठाकुरबाट ८५ जना पीडित भएको प्ररहरीले जानकारी दिएको छ । उनलाई वैदेशिक रोगजार ऐन २०६४ अनुसार थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरीले बताएको छ ।


## Thatikandh Rural Municipality
## Office of the Rural Municipality Executive

Lakandra, Dailekh

Karnali Province,Nepal

**INVITATION FOR ONLINE BIDS**

**Date of publication: -** 07-08-2024 **(2081/04/23)**

1. **Thatikandh Rural Municipality**,Office of the Municipal Executive Office,Lakandra Dailekh invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.
2. Bid Document can be downloaded from website www.bolpatra.gov.np/egp. Amendment (s),if any shall be issued only on above website .
3. Eligible Bidders may obtain further information at the office of peoples' Thatikandh Rural Municapality Dailekh , website: www.thatikandhmun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp .

| SN. | Contract ID | Description of Work | Estimated Cost Excluding VAT And ps (Nrs.) | Bid Security Amount (NRs.) | Bid validity/Bid Security Period/Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|
| 1 | TRM/DLK/NCB/ RMW/01/2081-082 | Road Maintenance Work Thatikandh Gaupalika Ward No 01-06 Dailekh | 34,10,256.34 | 1,00,000.00 | 90 days/120 days/3000 |

**Chief Administrative Officer**

# 'मिडिया काउन्सिल'लाई 'आमसञ्चार परिषद्'मा परिवर्तन गरिने



**काठमाडौं/मस–** सञ्चार, तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले मिडिया काउन्सिल विधेयकको नाम आमसञ्चार परिषद्मा परिवर्तन गर्न आफू सकारात्मक रहेको बताएका छन् । उनले नाम परिवर्तनमा आफ्नो विमति नरहेको स्पष्ट गरे ।

राष्ट्रियसभा, विधायन व्यवस्थापन समितिको मंगलबारको बैठकमा 'मिडिया काउन्सिल विधेयक'लाई 'आमसञ्चार परिषद्' का रूपमा नामकरण गर्न उनले समर्थन जनाएका हुन् ।

उनले भने, 'मिडिया काउन्सिलको सट्टा आमसञ्चार परिषद् राख्नु उपयुक्त हुन्छ ।' सञ्चार, तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्यालको समेत उपस्थिति रहेको बैठकका सहभागीले विधेयकको नाम नेपाली हुनुपर्ने माग गरेका थिए ।

सचिव अर्यालले 'मिडिया काउन्सिल' प्रचलित रहेकाले यो असान्दर्भिक नहुने बताइन् ।

यद्यपि उनले नेपाली नामप्रति असहमति जनाइनन् ।

समितिका सभापति जयन्तीदेवी राईले नेपाली भाषाको संरक्षण गर्ने उद्देश्यले सांसदहरुले विधेयकको नाम आमसञ्चार परिषद् राख्नुपर्नेमा सबै सदस्यले जोड दिएका थिए ।

त्यसअघि सांसद मदनकुमारी शाह( गरिमा) ले नेपाली भाषाको संरक्षण गर्नु राज्यको दायित्व भएकाले विधेयकको नाम नेपाली नै हुनुपर्ने संशोधन प्रस्ताव दर्ता गरेकी थिइन् ।

समितिका सदस्यहरू बेदुराम भुसाल, गंगाकुमारी बेलबासे, सुमित्रा बिसी, सुरेश आलेमगर, युवराज शर्माले विधेयकको नाम नेपालीमा राख्नुपर्ने बताएका थिए भने अर्का सदस्य कृष्णप्रसाद सिटौलाले मिडिया काउन्सिल पदावली विश्वभर स्थापित प्रचलित भएकाले त्यो पनि अमान्य नहुने तर्क गरेका थिए । समितिका अर्का सदस्य नारायणदत्त भट्टले मिडिया काउन्सिल पनि मान्य हुने बताए ।

# सिलाइ कटाइ व्यवसायबाट आत्मनिर्भर बन्दै पातारासीका महिला



**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २२ साउन

जुम्लाको पातारासी गाउँपालिका-५ की सरिता बुढा सिलाइ कटाइको काम गर्न थालेकी छन् । आत्मनिर्भर बन्नका लागि आफूले सिलाइ कटाइको काम गर्न थालेको बताइन् । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको सहयोगमा पुनर्ताजगी तालिम लिएपछि उनले सिलाइ कटाइको काम गर्न थालेकी हुन् ।

उनी मात्रै नभइ अहिले १४ जना महिलाले विद्युतीय मेसिनबाट सिलाइ कटाइ व्यवसाय शुरु गरेका छन् । सरिताले सिलाइ कटाइबाटै मासिक १५ हजार रुपैयाँ आम्दानी हुन थालेको बताइन् । यसअघि आधारभूत तालिम पाएका महिलाहरुलाई वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको सहयोगमा पुनर्ताजगी तालिम दिएपछि पातारासी गाउँपालिकाको लासी बजारमा उनीहरुले व्यवसाय गर्न थालेका हुन् ।

त्यस्तै गाउँपालिकाको केन्द्र भएको लासी बजारमा पसल गरिरहकी गुठीचौर-२ की तारादेवी ऐडी ३ वर्षदेखि सामान्य सिलाइ कटाइ व्यवसाय गर्दै आएकी थिइन्। अहिले उनी १५ दिने पुनर्ताजगी तालिम लिएपछि व्यवसाय राम्रो हुन थालेको बताउँछिन् । ऐडीले वैकल्पिक ऊर्जाले सो तालिम दिएपछि थप ऊर्जा बढेको बताइन्। उनले विद्युतबाट सञ्चालन हुने सिलाइ कटाइ मेसिन निःशुल्क प्राप्त भएको र उक्त मेसिनबाट कपडा सिलाउन सहज र छिटो हुने भएकाले व्यवसाय राम्रो हुँदै गएको बताइन् ।

नर्वे सरकार र संयुक्त राष्ट्रसंघको आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र कृषि खाद्य कार्यक्रमका लागि नवीकरणीय ऊर्जा कार्यक्रमअन्तर्गत १४ जना महिलालाई सुर्खेतमा १५ दिने सिलाइ कटाइसम्बन्धी सीप विकास तालिमसहित बिजुलीबाट सञ्चालन हुने आधुनिक मेसिन वितरण गरिएको फिल्ड संयोजक पृथ्वीबहादुर शाहीले जानकारी दिए । उनले प्रतिव्यक्ति ४८ हजार रुपैयाँ पर्ने विद्युतीय मेसिन उपलब्ध गराइएको बताए ।

चार वर्षदेखि यही व्यवसाय गर्दै आएका गुठीचौर-२ का गोरबहादुर ऐडीले वैकल्पिक ऊर्जाले श्रीमती तारालाई पुनर्ताजगी तालिम दिएर विद्युतीय मेसिन उपलब्ध गराएकाले व्यवसाय गर्न थप मद्दत पुगेको बताए । उनले आफ्नी श्रीमतीले अहिले सिलाइ कटाइको कामबाटै मासिक ३५ हजार आम्दानी गरिरहेको बताए । अहिले विद्यालयका पोषाक, भोटो, सुरुवाल, ब्लाउज, सट पइन्ट, कुर्ता सुरुवाल सिलाउन थालिएको उनले बताए ।

यसअघि पातारासीका मानिसहरु सामान्य कपडा सिलाउन एक दिन लगाएर जुम्ला बजार आउने गरेका थिए । लासी बजारमै सिलाइ कटाइ व्यवसाय राम्रोसँग सञ्चालन गर्न सकेको खण्डमा यहाँका नागरिकलाई सहज हुने देखिएको छ ।

# मधेश प्रदेश सरकार पुनर्गठन



**महेन्द्रनगर/मस–** मधेश प्रदेशका प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले मन्त्रिपरिषद् पुनर्गठन गरेका छन् । प्रदेश सरकारका मुख्यमन्त्री सतिशकुमार सिंहको सिफारिसमा प्रदेश प्रमुख भण्डारीले संविधानको धारा १६८ को उपधारा (९) बमोजिम मंगलबार मन्त्रिपरिषद् पुनर्गठन गरेको प्रदेश प्रमुखको कार्यालयले जनाएको छ ।

कार्यालयका अनुसार पुनर्गठित मन्त्रिपरिषदमा नेपाली कांग्रेसबाट दुई र नेपाल कम्युनिष्ट पार्टी (एमाले), जनमत पार्टी र लोकतान्त्रिक समाजवादी पार्टी एक/एक जना राज्यमन्त्रीमा नियुक्त भएका छन् ।

कांग्रेसका तर्फबाट रेखा ठाकुर भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री र निलमकुमारी रजक ऊर्जा, सिँचाइ तथा खानेपानी राज्यमन्त्रीमा नियुक्त भएका छन् ।

त्यसैगरी एमालेका मोहम्मद जैद आलम भौतिक पूर्वाधार विकास राज्यमन्त्री, लोसपाका रामबाबु यादव शिक्षा तथा संस्कृति राज्यमन्त्री र जनमतका शम्भुकुमार साह उद्योग, वाणिज्य तथा पर्यटन राज्यमन्त्रीमा नियुक्त भएका छन् ।

# पेटभर्वा वडा कार्यालयको आफ्नै भवन नहुँदा सेवा प्रवाहमा समस्या

**ओमप्रकाश यादव/मध्यान्ह**
रौतहट, २२ साउन



रौतहटको फतुवा विजयपुर नगरपालिकाको तीन वटा वडा कार्यालय आफ्नो भवन नहुँदा भाडाको घरबाट सञ्चालन हुँदै आएका छन् । आफ्नो भवन नहुँदा वडा नं. ६ पेटभर्वाको वडा कार्यालय स्थानीय तह स्थापना भएदेखि नै भाडाको घरमा सञ्चालन हुँदै आएको छ ।

वडा नं. ६ पेटभर्वाको वडा कार्यालय टालीले छाएको दुई वटा साना कोठा भएको भाडाको घरमा सञ्चालित छ । वडा कार्यालयले भाडाबापत घरधनीलाई वार्षिक ७२ हजार रुपैयाँ तिर्दै आएको छ । वडा कार्यालय अगाडि कार्यालयको बोर्ड पनि छैन ।

कार्यालयको नाम लेखिएको बोर्ड नहुँदा बाहिरबाट काम विषेशले आउने कतिपय सेवाग्राहीलाई वडा कार्यालय कहाँ छ भन्ने कुरा नै थाहा नहुने गरेको गुनासो छ । भाडामा लिइएको भवनबाट दैनिक कार्य सञ्चालन गर्न असजिलो भए पनि जेनतेन काम चलाइरहेको पेटभर्वा वडा कार्यालयका कर्मचारीहरु बताउँछन् । वडाको आफ्नै भवन नहुँदा कार्य सम्पादनमा ठूलो समस्या हुने गरेको र आम नागरिकलाई प्रदान गरिने सेवासमेत प्रभावकारी नभएको कर्मचारीहरु बताउँछन् ।यता वडा नं. ६ का वडाध्यक्ष रामएकवाल राय यादवले वडा कार्यालयको आफ्नै भवन निर्माण कार्य शुरु भएपनि सम्पन्न भइनसकेको जानकारी दिए । गत वर्ष भवनको बाँकी कामका लागि वडाबाट बजेट विनियोजन भएको, तर जनप्रतिनिधिबीचको विवादका कारण बजेट निकास नहुँदा भवनको काम अगाडि बढ्न नसकेको उनले बताए । अब यस चालु आर्थिक वर्षको बजेटबाट उक्त अधुरो भवनको काम सम्पन्न गरी आफ्नै भवनबाट वडा कार्यालय सञ्चालन गर्ने तयारी रहेको उनको भनाइ छ।

त्यस्तै फतुवा विजयपुर नगरपालिका कार्यालयको पनि आफ्नो भवन नहुँदा दैनिक सेवा प्रवाहमा समस्या हुँदै आएको छ । फतुवा विजयपुर नगरपालिका कार्यालय समेत अझै भाडाकै घरमा सञ्चालित छ ।

# सत्कार सहकारीका सचिवसहित तीन जना पक्राउ



**काठमाडौं/मस–** सत्कार बचत तथा ऋण सहकारी संस्थाको रकम हिनामिनाको आरोपमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा संस्थाका सचिव मोरङको बेलबारी नगरपालिका-५ घर भएका ३२ वर्षीय गोविन्द पुरी, कोषाध्यक्ष रामेछाप नगरपालिका-८ घर भएका ३७ वर्षीय मेश श्रेष्ठ र सत्कार सहकारीको चाबहिल शाखाका व्यवस्थापक ३७ वर्षीय रामेछाप-८ का ३७ वर्षीय ध्रुवराज कार्की छन् ।

उनीहरूलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले पक्राउ गरेको हो । सामाखुसी प्रधान कार्यालय भएको उक्त सहकारीको चाबहिल तथा न्यूरोड शाखा छ ।

सहकारीले बचतकर्ताको रकम अपचलन गरेको भन्दै जाहेरी परेपछि पक्राउ गरिएको सीआईबीले जनाएको छ। पक्राउ परेकाहरूविरुद्ध ५ दिनको म्याद लिएर अनुसन्धान अघि बढाइएको छ ।

# नहरमा डुबेर बालकको मृत्यु

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, २२ साउन

बर्दिया बबई सिँचाइ आयोजनाको नहरमा डुबेर एक बालकको ज्यान गएको छ। बारबर्दिया नगरपालिका ८ भगतपुर बस्ने १६ वर्षीय बालक साहिल वि.क.को नहरमा डुबेर ज्यान गएको हो ।

सोमबार बेलुकी साथीहरूसँग नहरमा नुहाउन गएका सहिल बेलुका ६ बजे बेपत्ता भएका थिए । सशस्त्र प्रहरी बल नेपाल सुरक्षा वेस कतर्नियाको गोताखोर टोलीले राति करिब ११ बजे उनको शव फेला पारेको प्रहरीले जनाएको छ ।

मृतक बालकको शव पोस्टमार्टमका लागि बर्दिया अस्पताल गुलरिया पुऱ्याइएको छ । मृतक बालक बारबर्दिया ८ औरिमा रहेको उनको मामा घरको ६० वर्षीया हजुरआमासँग बस्दै आएका थिए ।

Vacancy Annoucement
One of the reputed recruitment agency is seeking for following applicants.
Salary Negotiable
PRO : 5 (Male/Female)
Requirements:
Atleast 2 years experienced in the related fields.
SEND YOUR CV: info.guideline2024@gmail.com
Govt.Lic.No 1061/073/74
Guideline Recruitment Service Pvt. Ltd.
Basundhara Chauki, Kathmandu. Mobile No: 982-3461212
www.guidelinerecruitment.com.np.

SAUDI मा रोजगार |

कम्पनी : BRANCH OF QANNAS ARABIA COMPANY LIMITED
शहर : Saudi Arabia, Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०४/२२ चलानी नं.: ६०२२३१७२ LT. No.: 308522

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook. | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५३,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Kitchen Worker | 7 | 0 | | 1000 | ३५,६६० | | | | | | | |
| 3. | Waiter | 8 | 0 | | 1400 | ४९,९२४ | | | | | | | |

कम्पनी : REMAL ASSWAHEL CONTRACTING AND MAINTENANCE CO.
शहर : Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८१/०४/२२ चलानी नं.: ६०२२३१७३ LT. No.: 308431

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Window Cleaner | 30 | 0 | स. काममा दक्ष | 1000 | ३५,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन ३० गते (14 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Rays Recruitment Pvt. Ltd.
Gov. Lic. No.: 787/065/066
Tokha Road, Mahalaxmi Marg-5 | Bashundhara, Kathmandu, Nepal
P.O. Box: 25046, Tel.: 01-4380343, 01-4388579
E-mail: raysrecruit@gmail.com | Website: www.rays-recruitment.com

युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BLUE DIAMOND GENERAL MAINTENANCE LLC
शहर : UAE
पूर्व स्वीकृत मितिः २०८१/०४/१६ चलानी नं.: ६०२२२९८४ LT. No.: 308256

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clenaer | 40 | 18 | स. काममा दक्ष | 900 | ३२,७९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : DISTRICT THIRTEEN CONTRACTING AND GENERAL TRANSPORT - SOLE PROPRIETORSHIP L.L.C.
पूर्व स्वीकृत मितिः २०८१/०४/२२ चलानी नं.: ६०२२३१७० LT. No.: 308488 शहर : UAE

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Road Maintenance Workers | 25 | 0 | स. काममा दक्ष | 825 | ३०,०६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : SEATTLE INTERNATIONAL SERVICES
शहर : UAE
पूर्व स्वीकृत मितिः २०८१/०४/२२ चलानी नं.: ६०२२३१७१ LT. No.: 308487

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labour | 100 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ४०,०८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labour | 100 | 0 | | 1100 | ४०,०८४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ३० गते (14 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Leading Manpower Recruitment Services Pvt.Ltd.
Govt.Lic.No. 1679/080/81
Mid baneshwor, Kathmandu, Nepal
Tel No.: 01-4500260, 01-4500262, 9802070439, 9802070428
Email: leadingmanpower.recruitnepal@gmail.com

कतारमा रोजगारको अवसर

कम्पनी: THE TIME GALLERY
शहर: DOHA
पूर्व स्वीकृत मितिः २०८१/०४/२१ चलानी नं.: ६०२२३१३६ LT. No.:308423

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 0 | 1 | स. काममा दक्ष | 1300 | ४७,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ३० गते (14 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

D.A. HUMAN RESOURCE PVT. LTD.
Kathmandu-31, Santinagar, Nepal, Tel : 01-5911493, 01-5911494
ईजाजत नं. १५५४/०७९/०८०
Email: info@dahumanresource.com, Website: dahumanresource.com

अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले चाईना/इण्डिया बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

| सि. नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पातिको मूलुक/राष्ट्र | ईकाई | प्रति ईकाई भ्याट सहितको मूल्य | अधिकतम खुद्रा विक्री मूल्य (भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Conditioner | IDU (780*285*188) ODU (670*255*460) | JN HITACHI FUJIAN | HF-12KA519WIV | 12000Btu/h | China | Pcs | 90,558.00 | 90,558.00 | |
| 2 | Air Conditioner | IDU (880*300*190) ODU (710*255*540) | JN HITACHI FUJIAN | HF-18KA519WIV | 18000Btu/h | China | Pcs | 118,297.00 | 118,297.00 | |

जे. एन. एक्जीम प्रा. लि.
सैंतुगल, काठमाडौं
स्थायी लेखा नं. ३०२८६९३०३
फोन नं. ९८०१३१५७५०

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.oscegmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
२३ साउन २०८१, बुधबार
7 August 2024, Wednesday

सम्पादकीय

# नयाँ दल, पुरानै नियति

विश्वासको मत नलिँदै सत्ता संकटको सामना गर्नु परेका मुख्यमन्त्री सतिश सिंहले मंगलबार मधेश प्रदेश मन्त्रिपरिषद्मा थप पाँच जना राज्यमन्त्री नियुक्त गरेका छन् । नेपाली कांग्रेसबाट २, जनमत पार्टी, नेकपा एमाले र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बाट एक/एक जना राज्यमन्त्री नियुक्त गरेका हुन् । ११ वटा मन्त्रालय रहेको मधेश सरकारमा यसअघि नै १५ सदस्यीय मन्त्रिपरिषद् थियो । ३ साउनमा कांग्रेस र लोसपालाई सरकारमा सहभागी गराउँदा नै सबै मन्त्रालयले नेतृत्व पाएको थियो । एमालेबाट चार, कांग्रेसबाट चार, जनमतबाट दुई र लोसपाबाट एक मन्त्रालयको नेतृत्व भएको थियो । तर पूर्णता पाइसकेको मन्त्रिपरिषदलाई तीन सातापछि मंगलबार फेरि बिस्तार गरेर जम्बो आकारको टीम बनाइएको छ । अब हरेक मन्त्रालयमा दुई जनाजसो मन्त्री भएका छन् ।

मन्त्रालय संख्या नै अधिकतम बनाइनु र मन्त्री जतिकै संख्यामा राज्यमन्त्री नियुक्त गरिनुको सन्देश राम्रो गएन । यसअघि सात वटा मन्त्रालयमा सीमित गरिएको प्रदेश सरकारहरूलाई बढाएर ११ पुऱ्याउने र मन्त्रिपरिषद्को आकार २० बनाउनुले राम्रो सन्देश जाने कुरा पनि भएन । किनकि आमनागरिकको चाहना राज्य कोषको मितव्ययिता भन्ने छ । तर असन्तुष्टहरूलाई व्यवस्थापन गर्ने नाममा प्रदेश मन्त्रीहरूको संख्यामा कीर्तिमानी संख्या बनाउनु उल्टो अभ्यास हो । संघमा शेरबहादुर देउवा र डा.बाबुराम भट्टराईले यस्तै ठूलो आकारको मन्त्रिपरिषद् बनाएका थिए । कीर्तिमानी मन्त्रिपरिषद् बनाएकोमा अहिले पनि देउवा र भट्टराईप्रति आलोचना हुँदै आएको छ भने सरकारको कोष खर्च गर्नकै निम्ति मन्त्री बनाइने गरेको भाष्य निर्माण भएको छ ।

अझ मधेश प्रदेशमा जनमत पार्टी नेतृत्वको सरकार जम्बो बनेको छ । यति ठूलो आकारको सरकार यसअघि बनेकै थिएन । तर आफूलाई नयाँ राजनीतिक शक्ति भनेर चिनाउने जनमत पार्टीकै नेता मुख्यमन्त्री हुँदा कीर्तिमानी मन्त्रिपरिषद् बन्न पुग्यो । यस्तो परिस्थिति सिर्जना हुनुमा प्रदेश सभाको अंक गणितले काम गरेको हुनुपर्छ । किनकि १०७ सदस्यीय प्रदेश सभामा जनमत पार्टीसँग १३ सिट मात्र छ । थोरै सिट भएको पार्टीले सरकार बनाउँदा ठूला दलहरू कांग्रेस र एमालेलाई धेरै मन्त्रालय दिनुपर्ने भयो, त्यसैअनुसार साझेदारहरूबीच भागबण्डा मिलाउन ठूलो आकारको मन्त्रिपरिषद् बन्न पुगेको प्रष्ट छ । तर यसको सन्देश र निष्कर्ष भने नयाँ दलहरूको नियति पनि पुरानै दलहरू भन्दा भिन्न नरहेको सन्देश गएको छ । जनताको चाहना भने नयाँ दलहरूले पुराना दलहरूले गरेको गल्ती नदोहोऱ्याओस् भन्ने छ ।

# कोटिहोममाथि उठेको प्रश्न

*कोटिहोममा मान्छे जोख्ने गरी पैसा तौलने काम किन भयो ? पाँच हजार दान गर्न गएका पाँच लाख बढीको फन्दामा कसरी परे ? समाचार बनाउन गएका पत्रकार किन कुटिए ? धेरै प्रश्न अनुत्तरित छन् ।*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

हामीले भन्यौँ, पशुपतिको कोटिहोम लुटिहोम भयो, धर्मका नाममा अधर्म भयो, शान्तिका नाममा अशान्ति भयो, द्रव्य यज्ञ गर्नु थियो भने अन्य जग्गा थियो, पावन पशुपतिनाथ परिसरलाई ब्रह्म ज्ञानको थलो बनाइनु पर्नेमा नौटङ्की नृत्य शाला बनाइयो । व्यासमा बस्ने पण्डित भनिएकाहरू रोदिघर भई व्यास पीठमा पुगे र व्यासपीठबाट रोदिघर भई बिदा भए । दान, दक्षिणा वा पारिश्रमिकको पारदर्शिता भएन । पशुपतिको नाम भजाएर खुल्ला ठग्नेहरू माथि राज्यको चासो हुनुपर्छ ।

कैलाशमा खाल्डो खनियो, पुरातत्त्व विभागले पशुपति विकास कोषसँग स्पष्टीकरण मागेको छ, सात दिन भित्र भनेर । पछि टालटुल गरियो भन्ने सुनियो । पङ्क्ति तयार गर्दा त्यहाँ पत्रकार कुटिएको खबर आएको छ । क्यामराको लेन्स फुटेको भनिएको छ । नीलडाम भई प्रहरीलगायतका स्थानहरूमा उजुरबाजुर परेको भनिएको छ । आयोजकले यसमा क्षमासमेत मागेको अवस्था छ र क्षतिपूर्ति दिन्छु पनि भनेको छ । एक पटक होइन पत्रकारहरूले दुई पटकसम्म पिटाइ खाएका र तेस्रोपल्ट यस्तो अवस्था नआउने भनेका छन् । महायज्ञमा यति अशान्ति किन हुन्छ, शान्ति खोज्दै पशुपति जाने भक्तहरूमाझ हामीले दिने जवाफ के हुन्छ अब ?

सुरुमै हुङ्कार आएको हो पाका मान्छेहरूको कि यो समय यस्तो कार्यक्रमका लागि होइन भनेर, साइत मिलेन भनेको पनि धेरैबाट सुनियो । धेरै लामो भयो र यसले द्रव्य आकर्षणभन्दा केही भएन भनेर सारातिर चिच्याएको अवस्था हो । अहिले पत्रकारहरू नै अस्पताल भर्ना हुनुपर्ने कुरो र जिल्ला प्रशासन कार्यालयदेखि प्रहरी परिसर टेकुसम्म र गौशाला प्रहरीसमेत तनावमा हुने गरी भीषण भीडको यज्ञ किन आवश्यक परेको हो ? देशमा मूर्धन्य पण्डितहरू, व्यास पीठमा बस्न लायकहरू हुँदा हुँदै विदेशबाट आयात किन गर्नु परेको ? र, जो विदेशबाट आए ती किन विवादित बने, कोही 'गोरुको आहार मयुर' भन्दै विवादित बनेका छन् भने कसैले चीनमाथिको दौत्य सम्बन्धमै प्रश्न खडा हुने गरी भाषण दिएका छन् । व्यास पीठ भाषणको शैलीमा हुन्छ कि पुराणका कथावस्तुमा वा समाजलाई धार्मिक चेतना दिने खालको हुन्छ ?

वैदिक सनातनीहरूले भनौँ हिन्दु धर्मले त्यो तमाम शास्त्रले डिभोर्स चिन्दैन र डिभोर्सका पात्रहरू आयोजकले किन छानेको ? लन्डन वा अन्य विदेशबाट आउने जाने र तिनको साथमा आएका ठुला हतियारसहितका शस्त्रधारी सुरक्षाकर्मीको खर्चको व्यवस्था के हो ? सुरक्षा यहीँको प्रशासनले दिन नहुने कारण चाहिँ के होला अथवा कथा वा बायोग्राफी भनेर व्यास पीठमा कर्तव्य पूरा होला कि नहोला ? व्यास पीठमा बस्नेहरू जतातते भड्केर बाहिर हिँड्न धर्मले देला ?

पाँच तारे होटेलमा आवास बनाउन मिल्ला कि साधुकै व्यवहार गर्नुपर्ला वा स्वदेशी चेलीबेटीले कथाभन्दा नेपाली भाषा शैली वा संस्कृत उच्चारण गर्नुपर्ला कि नपर्ला ? मञ्च परिसरमा अगाडि पुस्तक राख्नु किन नपर्ने, उपव्यास वा दीप अखण्ड हुनु किन नपर्ने वा व्यासपीठको सुरक्षाकर्मीहरूको पोसाक कस्तो हुनुपर्ने अथवा नेपालमा पटक-पटक पण्डित सम्मेलन भइरहेको र त्यो सम्मेलनले पास गरेका योग्यता वा प्रचलन वा नियम विधान पालन गर्नुपर्ने कि नपर्ने अथवा पण्डित सम्मेलन गर्ने नेतृत्व गर्नेले नै कथा भनिरहँदा चोरी औँला ठड्याएर आवेग र तनाव, जलनको मुद्रामा आदेश उपदेश दिनु कति उपयुक्त होला ?

व्यासनमा बस्नेहरूले पोसाक, मुद्रा, हाउभाउ सबै सात्त्विक देखाउनु पर्ने पनि होला । पुराण भन्नेहरू दैवज्ञ, क्रोध रहित, लोभरहित, विरक्त हुनुपर्छ भनेर पुराणमै लेखिएको छ । जो कोहीलाई वरमाला झैँ दुबाको माला पहिऱ्याउँदै मोटो रकम दिनेलाई नाम फलाक्दै कथा, पारायणलाई गोली मार्ने जुन दृश्य देखियो त्यो सर्वथा गैर धार्मिक काम भयो । यसको नतिजा आयोजकले भोग्नुपर्छ र अहिले पनि भोगिरहेको अवस्था छ । जतातते मुद्दा परेको अवस्था छ, आयोजकलाई सबैतिरबाट स्पष्टीकरणको ओइरो लागेको छ ।

कोटिहोममा मान्छे जोख्ने गरी पैसा तौलने काम किन भयो ? धर्म भीरु ७५ वर्षीय वृद्धा जो पाँच हजार दान गर्न गएकी पाँच लाख बढीको



फन्दामा किन परिन् ? अनुत्तरित प्रश्न धेरै छन् र कलिमा कोटिहोम विरलै हुन्छ र खराब नियतले गरेमा त्यसको फल पनि बढी नै हुन्छ । मन्त्र सिद्धि नभएका स्थानमा देवता बस्दैनन् र दिएको हवनवादी वस्तु उनीहरूले लिँदैनन् पनि । हवनको त्यहाँ कतै छैन चर्चा, छ केवल कसले कति पैसा दियो भन्ने र दानको सचिवालय नै राखिएको देखिन्छ । आयोजक आफैं पनि पटक-पटक विवादमा आएका अदालतबाट मुद्दा खेपिएका कारागार पनि पुगिसकेका र उनको कानुनी नाम के हो र अनेक नाम किन र कसरी हुन्छ ?

प्लेन दुर्घटना हुनु, अनि बसहरू हराउनु, भीमसेनलाई पसिना आउनु एकैपल्ट र उस्तै समयमा परेको छ, देशमा अनिष्ट हटाउने गरी विश्व कल्याण भन्दै गरिएको कर्मले आयोजकलाई आफैंलाई आत्मिक शान्ति मिलेको छैन, कुटाकुट छ, भागाभाग छ, आफ्नै संस्थाहरूका मित्रहरूबाटै उनले धोका पाइरहेको अवस्था पनि छ । कुटपिटका विषयमा आफैंले छानबिन गर्ने र दोषी देखिएकालाई संस्थाबाट हटाउने वा तिनकै पारिश्रमिकबाट भराउने कुरो पनि उनले सार्वजनिक गरिसकेका छन् । कुनै अमुक मिडियामा गएर उनले बोलेका विषयमै पनि मिडियाहरू उनीमाथि खनिँदै प्रतिप्रश्न गरिरहेका छन् । आफूँ समर्थित प्रेसलाई आयोजकले पैसा दिएर पहिले नै सम्झौता गरेका छन् भने विरुद्धमा तिनले लेख्ने बोल्ने आँट गर्ने कुरै भएन । बाँकी स्वतन्त्र पत्रकारहरू गएर रिपोर्टिङ गरिरहँदा आयोजक पक्षलाई टाउको दुख्ने विषय नै होइन । राज्यको चौथो अङ्ग हो, प्रेस स्वतन्त्र नै हुन्छ ।

व्यासपीठको अर्को योग्यता भनेको संस्कृतमा वाचन पनि गर्नुपर्छ र कपाल मुण्डन जरुरी छ । जनै नलगाई यज्ञमा सामेल हुन पाइन्न । सबैलाई छुट छ भनेदेखि महिलाहरूलाई हवनमा किन नराखेको त ? हवनादि कर्ममा पनि स्त्रीहरू रहनु पर्ने भयो नि त त्यो किन बन्देज ? किनभने महिलाको प्राकृतिक धर्म नै फरक छ, यज्ञमा होता बनिरहन असमर्थ हुन्छन्, हो भजन कीर्तन, नृत्य सबै हुन्छ तर, केही सीमाहरू छन्, जुन कोटिहोमका लागि सर्वस्वीकार्य हुन्न र पुराण सुरु गरेपछि पूर्णपात्र गरिनु पर्छ र त्यसको दशांश हवन, तर्पण मार्चन, ब्राह्मण भोजन गराउनु पर्छ । सङ्कल्प गर्दा आयोजक वा पैसा वा वस्तु लिनेले आफ्नो कुल गोत्र, प्रवर सबै भन्नुपर्छ । तेत्तीस कोटी देवतालाई साक्षी राखेर महासंकल्प गरेर मात्रै यज्ञमा व्यक्तिको वरण हुन्छ, वरण अवधिभर उसलाई जूठो, सूतक पनि नलाग्ने गरी नान्दी, श्राद्ध, मातुका अर्चन गरेर मात्र गणेशको आह्वान गरी यज्ञ सुरु गर्नुपर्छ । क्लब जस्तै व्यासहरू आउने जाने हुन्न, उनका आचरण हुन्छ, आयोजकको पनि गोत्र प्रवर भए उनका पुर्खा सबै साक्षी बस्नु पर्ने हुन्छ । आयोजक कहिले एयरपोर्ट कहिले कुनै अन्यत्र प्रेस मिडियामा स्टुडियो चाहर्दै हिँड्नु हुन्न ।

> *धर्मलाई व्यापार बनाउनु हुन्न, पुराण र वेदलाई बिक्रीमा राख्दा कसैलाई भलो हुन्न । फाउन्डेसनका नाममा चलाइने मामाघर, छोरी घर, वृद्ध आश्रमहरू स्थानीय सरकारले गर्नुपर्छ । देशमा धेरै सरकारहरू छन्, पशुपतिनाथलाई साक्षी राखेर पैसाको भीड बटुलेर हुँदैन ।*

यहाँ त आयोजक जतातते हिँडेको अवस्था छ । कहिले धान दिवसमा पुगेर विज्ञापन गर्दै एकैपल्ट पचास हजारको चेक काटेको देखिन्छ भने कहिले रोदिघर गएर माला लाउँदै प्रचार गरेको अवस्था छ । यसले आयोजक केवल पैसा असुल्ने धन्दामा लागेको स्पष्ट हुन्छ । विश्व कल्याणको आह्वान गर्दै यज्ञ आयोजना गर्नेको यो किसिमको आचरण हुन्न र यसले देशकै कल्याण गर्दैन विश्वको कुरा अर्को भयो यति हो कि डलरमा भुक्तानी हुने गरी विश्व चर्चित मान्छे उनले यहाँ ल्याउन सफल भएका छन् । आउनु आफैंमा ठुलो कुरो होइन, उनीहरू आएदेखि फर्केसम्म कति विवादित बनेका छन् भन्ने अब संसारलाई थाहा भइसकेको छ ।

पछिल्लो अवस्थामा झल्लरीसहित मञ्चमा लगिएका भनिएका सिद्ध पुरुषका विषयमा पनि चतरा, धरानमा के भएको थियो, आम जनमानसलाई अवगत भएको विषय हो । धर्मलाई व्यापार बनाउनु हुन्न, पुराण र वेदलाई बिक्रीमा राख्दा कसैलाई भलो हुन्न । फाउन्डेसनका नाममा चलाइने मामाघर, छोरी घर, वृद्ध आश्रमहरू स्थानीय सरकारले गर्नुपर्छ । देशमा धेरै सरकारहरू छन्, पशुपतिनाथलाई साक्षी राखेर पैसाको भीड बटुलेर हुँदैन ।

खर्च नउठ्ला भन्ने रोइलो गर्दैछन् आयोजक अहिले । ठेलागाडा, ट्याक्सी र रिक्साबाट चक्रपथमा धर्म प्रदर्शन किन गरेको ? कसलाई देखाउन गरेको ? यिनलाई ती थाहा भएन । धर्म भनेको प्रदर्शन होइन, नितान्त दर्शन हो । त्यो पनि जीवनदर्शन । यदि खराब नियतले पैसा उठेकै छ भने पनि तिनले भनिएको आश्रमहरूको अवस्था एक दिन उजागर हुन्छ नै र पनि कार्यक्रमको सफलता भन्नै पर्छ हामीले उनलाई ।

## सामाजिक सञ्जाल



- डम्मर खतिवडा

लोकतन्त्रका नाममा लुटतन्त्र मच्चाउने शक्ति सम्भ्रान्तको हविगत श्रीलंकामा देखिएकै थियो, बंगलादेशमा थप पुष्टि भयो । हसिनाको हसिन पतन दक्षिण एशियाको अर्को झिल्को हो । नेपालको शासकवृत्तले देश र जनतालाई यति जर्जर र निराश बनाएको छ- यिनको कुनै दिन यस्तै हालत हुने निश्चित छ ।



- चन्द्र श्रेष्ठ

पद, शक्ति एवम् सत्तामा लिप्त हुन चाहने तर, मुलुक र नागरिकप्रति उत्तरदायी बन्न नसक्नुको परिणाम मित्र राष्ट्रहरूले भोग्दै गर्दा, हाम्राले पनि यदि चेत खुलाउन खोज्दैनन् भने नागरिकमा रहेको धैर्यताको बाँध कति बेला विष्फोट हुन्छ त्यो कसैले अनुमान गर्न नसक्ला । "सक्किनुभन्दा सच्चिन वेश ।"



- विष्णु ढकाल

हालै राजीनामा दिएर भारततर्फ भागेकी बङ्गलादेशी प्रधानमन्त्री शेख हसिना भारतको घनिष्ठ मित्र रहेको जगजाहेर छ । सत्ताको रोडम्याप पनि यतै बनाएर पठाइन्थ्यो पूर्ण स्नेह सहयोग गरिएकी उनलाई आन्दोलन दबाउन पनि धेरै तौर तरिका सिकाइयो होला तर, परिणाम ? यताकालाई पनि झस्को त पस्यो होला, सच्चिने ठाउँ छैन !



- रञ्जित तामाङ

बरु त्रिशुलीमा खसेको बस गोताखोरले भेट्टाउला तर, रास्वपाको ब्लु बस कहाँ पुग्यो भन्ने रास्वपालाई नै थाहा छैन । अहिले फेरी रास्वपाको हाई कमान्डले सार्वजनिक गाडीमा चढ्ने नाटक सुरू गरेछ । महँगा नीजि गाडी थन्क्याएर सार्वजनिक यातायात चढ्नु भनेको चित्रबहादुर केसीजस्तै हुनु होइन ल !

## तपाईंको राशिफल

मेष : खानपान शुद्ध र सन्तुलित राख्नु होला । सम्पत्ति वृद्धि हुने योग छ ।

वृष : सामाजिक कार्यमा वृद्धि हुनेछ । सन्तानको लागि विदेश यात्राको योग छ ।

मिथुन : भौतिक वस्तुमा वृद्धि हुनेछ । अर्कामाथि भरोसा नगर्नुहोला ।

कर्कट : आर्थिक कार्यहरूमा अनुकुल प्रगति हुनेछ । बाहिरी सम्बन्ध राम्रो रहनेछ ।

सिंह : मुद्दा मामिलामा सफलता प्राप्त हुनेछ । विरोधी कमजोर हुनेछन् ।

कन्या : पारिवारिक सदस्यको वृद्धि हुने योग छ । स्थान परिवर्तन पनि हुन सक्छ ।

तुला : धर्मपालनामा रुचि देखिन्छ । स्वास्थ्य राम्रो रहनेछ ।

वृश्चिक : वाणी संयम राख्नुहोला । पारिवारिक उल्झन रहनेछ ।

धनु : खर्चमाथि विशेष नियन्त्रण राख्नुहोला । विरोधी सक्रिय रहनेछन् ।

मकर : विद्यार्थीहरूको लागि राम्रो समय छ । नौलो कार्य सफल हुनेछ ।

कुम्भ : सम्मानमा वृद्धि हुनेछ । मांगलिक कार्य हुने योग छ ।

मीन : आयमा वृद्धि हुनेछ । नकारात्मक कुराले अशान्ति पैदा गर्नेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# कहिले होला स्तनपान कक्षको व्यवस्था ?

विचार



● सिर्जना बस्नेत

प्रत्येक वर्ष १ अगस्तदेखि ७ अगस्तसम्म मनाइने 'विश्व स्तनपान सप्ताह' नेपालमा पनि विभिन्न सरकारी, गैरसरकारी निकायहरूले मनाइरहेका छन् । विश्वका एक सय २० भन्दा बढी देशहरूमा स्तनपान सप्ताहलाई उत्सवका रूपमा मनाउने गरिन्छ । नेपालमा पनि यो वर्ष साउन १७ देखि साउन २२ (१ अगस्त देखि ७ अगस्त २०२४) सम्म विश्व स्तनपान सप्ताह मनाइँदैछ ।

वर्ल्ड अलायन्स फर ब्रेस्टफिडिङ एक्सन, विश्व स्वास्थ्य सङ्गठन र युनिसेफले एकसाथ जीवनको पहिलो छ महिनाका लागि पूर्ण स्तनपानलाई बढावा दिने लक्ष्य लिएर यो दिवस साताव्यापीरूपमा मनाउने गरिएको छ । यो उत्सवको उद्देश्य नयाँ आमाबुबाहरूबीच जागरुकता पैदा गर्न र संसारभरमा शिशु स्वास्थ्यमा सुधार गर्नु हो । यस वर्षको विश्व स्तनपान सप्ताहको नारा 'स्तनपानमा समानता: सबैको सहयोग र सहभागिता' रहेबाट पनि स्तनपानमा सबैको सहयोग र सहभागिता आवश्यकतालाई प्रस्ट हुन्छ ।

सरकारी कार्यालयको मुख्य प्रवेशद्वारमा नै 'विश्व स्तनपान सप्ताह' लेखिएको ब्यानर झुन्डिएका छन् । त्यही सरकारी कार्यालयमा सेवा लिन पुगेकी महिलाले काखमा बोकेको दूधे बालकलाई दूध चुसाउन कति सहज वातावरणको व्यवस्थापन गरेका छौँ भन्ने चाहिँ कहिल्यै बहसको विषय बनेको पाइँदैन । पंक्तिकार स्वयम् स्तनपान गराउने आमा भएका कारण पनि आमाहरूले आफ्ना बच्चाहरूलाई स्तनपान गराउन भोग्नु परेको सास्तीहरूको नमीठो घटनाहरूको स्वाद चाखेको छु । स्वयम् जस्ता धेरै आमाहरूले आफ्ना सन्तानलाई चाहेर पनि स्तनपान गराउन पाइरहेका छैनन् ।

केही दिनअघि काखमा नौ महिने छोरी च्यापेर राष्ट्रिय वाणिज्य बैङ्कको काउन्टरमा लाइनमा उभिएकी एक महिलाको दुवै स्तनबाट दूध बगेर कुर्ता भिजेको प्रस्ट देखिएको थियो । लाइनमा महिलाहरूको भन्दा पुरुषहरूको संख्या धेरै थियो । उनले बच्चालाई दूध चुसाउन अप्ठ्यारो महसुस गरिरहेकी थिइन् । नजिकै कतै पनि बच्चालाई दूध चुसाउन मिल्ने गोप्य कोठाको व्यवस्था थिएन ।

एकातिर आमाको दूध गानिएर कुर्ता भिजेको थियो भने अर्कोतिर दूधे बालकको घाँटी सुकेर रोइरहेको थियो । लाइनमा उभिएकी महिलाको बच्चा हेरचाह गर्न साथी आएकी अर्की बहिनीले बट्टाको दूध बच्चालाई खुवाउँदै गर्दा आफूले ओढेको सलको फेरले उनले भिजेका स्तन छोपेर उनी लाइनबाटै काखे बच्चाले बोतलमा दूध पिएको हेरिरहिन् ।

यस्तै, अर्को घटनाले पनि पंक्तिकार निकै असजिलो बनायो । अठार महिने छोरालाई साथमा लिएर नगरपालिकामा जग्गाको तिरे तिर्न आएकी एक महिलालाई उसको छोराले कुर्ताको फेर तानेर लाइनबाट बाहिर निस्कन कर गर्दै थियो । १८ महिने बालकलाई सायद आमाले सिकाइएको थियो होला मान्छेहरूको अगाडि दूध खान हुँदैन भनेर । बारम्बार छोरालाई सम्झाउँदा सम्झाउँदै पनि बालक मानिरहेको थिएन ।

बालकको जिद्दी र रुवाइको अगाडि ती महिलाको केही लागेन । उनी लाइनबाट बाहिर निस्किएर धेरैबेर यताउता आँखा डुलाइन । जति आँखा डुलाए पनि उनले बालकलाई दूध चुसाउने गोप्य कोठा वा ठाउँ फेला पार्न सकिनन् । गर्मीको समय अनि बालकको रुवाइले झर्किएर उनले गेटमा टाँगिएको 'विश्व स्तनपान सप्ताह' ब्यानरको पछाडिपट्टि छेकिएर बालकलाई दूध चुसाइन् ।

यस्ता प्रतिनिधि घटनाहरू दैनिक आँखाकै अगाडि ठोक्किन आउने पात्रहरूका बाध्यताहरू हुन् । सरकारी कार्यालय, सार्वजनिक जमघट हुने स्थान, पार्क, विद्यालय, होटल रेस्टुरेन्ट तथा पाटी प्यालेसहरूमा समेत स्तनपान कक्षको छुट्टै व्यवस्था नहुँदा दूधे बालकमा आमाहरू बच्चालाई दूध चुसाउन असहज महसुस गर्दछन् । ग्राहकको रुचि र मागलाई ध्यानमा राखेर होटलहरूमा धुम्रपान कक्षको व्यवस्था गर्न ध्यान पुग्ने होटल सञ्चालकहरूले पनि बच्चाका आमा पनि ग्राहक हुन्छन् अनि बच्चालाई दूध चुसाउने गोप्य कोठाको व्यवस्थामा पनि गर्नु पर्दछन् भन्नेमा ध्यान पुगेको छैन ।

कानुनमा स्तनपान नवजात शिशुका लागि नैसर्गिक अधिकारका रूपमा परिभाषित गरिएको छ । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को परिच्छेद ३ को दफा १३ मा उल्लेख गरिएको प्रसूति बिदाको अधिकारभित्र नवजात शिशुलाई स्तनपान प्रवर्द्धन र सहजीकरणका लागि ९८ दिन पूर्ण तलबी बिदाको व्यवस्था गरेको छ भने आवश्यक परेमा चिकित्सकको रायसल्लाहअनुसार बढीमा एक वर्षसम्म बेतलबी बिदा पाउने अधिकारको व्यवस्था गरेको छ । ऐनमा सबै प्रकारका सरकारी, गैरसरकारी वा निजी सङ्घ संस्थाले आफ्नो कार्यालयमा कार्यरत महिलालाई शिशु जन्मेको दुई वर्षसम्म कार्यालय समयमा आमाको दूध खुवाउनका लागि आवश्यक व्यवस्था मिलाउपर्ने उल्लेख छ ।

विशेषगरी कामकाजी महिलाहरूले बच्चालाई पूर्ण स्तनपान गराउन नसक्नु अहिलेको मुख्य समस्या हुन पुगेको छ । सुत्केरी बिदा सकिएर कार्यालय फर्किंदा उनको अगाडि कामको थुप्रो थुपारिएको हुन्छ । दिनको एक घण्टा बच्चालाई भेट्ने समय निकाल्न महिला कर्मचारीका लागि निकै मुस्किलको विषय बनेको छ । कार्यालयमा पुरुष कर्मचारीको सङ्ख्याभन्दा महिला कर्मचारीको सङ्ख्या धेरै भए पनि महिनावारी हुँदा, गर्भवती हुँदा वा सुत्केरी भइसकेर बच्चालाई दूध चुसाउने छुट्टै कोठाको व्यवस्था नहुँदा कामकाजी महिलाले बच्चालाई पूर्ण स्तनपान गराउन सकेका छैनन् । प्रत्येक वर्ष उत्सवका रूपमा विश्व स्तनपान सप्ताह' मनाउनुको मर्म त्यति बेला पूरा हुनेछ, जतिबेला एउटी आमाले बिना सङ्कोच आफ्ना सन्तानहरूलाई सार्वजनिक ठाउँहरूमा छुट्टै कोठामा बसेर स्तनपान गराउन सक्नेछिन् । सरकारी वा निजी कार्यालयको ढोकामा टाँगिएको ब्यानरले मात्रै कुनै अर्थ राख्दैन ।

*(लेखक, बालस्वास्थ्य र अधिकारका क्षेत्रमा क्रियाशील छिन् ।)*

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

# अस्वभाविकरुपमा बढेको शेयर बजार घट्यो

## सचेत बनाएका थिए सांसद महत र सिंहले

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, २२ साउन ।

अहिलेको सरकारको गठबन्धन निर्माण हुने हल्लासँगै बढ्न शुरु गरेको पुँजीबजार मंगलबार १४५.०५ अंकले घटेको छ । असार २३ गते २१४०.९८ अंकमा रहेको नेप्से सोमबार २७९६.३८ मा पुगेको थियो । सोमबार नै प्रतिनिधिसभाको बैंठकमा आफ्ना धारणा राख्दै पूर्वअर्थमन्त्री प्रकाशशरण महत र स्वतन्त्र सांसद अमरेशकुमार सिंहले शेयरबजार अस्वभाविक रुपमा बढेको भन्दै साना लगानीकर्ता डुब्नसक्ने चिन्ता व्यक्त गरेका थिए ।

सिंह र महतले शेयर बजार बढ्नुपर्ने कुनै आधार र कारण नभएको भन्दै आफ्ना तर्कपनि प्रस्तुत गरेका थिए । तर, उनीहरुको धारणामाथि भने सामाजिक सञ्जालमा सीमित व्यक्तिहरुले शेयरबजार घटाउन दिइएको अभिव्यक्ति भन्दै बिनातथ्य प्रतिवाद गरेको देखिन्थ्यो ।

त्यसकै भोलिपल्ट मंगलबार झण्डै एकमहिनादेखि निरन्तर उकालो लाग्दै आएको नेप्सेमा ठूलो पहिरो गएको छ ।




मंगलबार १४५.०५ अंकले नेप्से घटेर २६५१.३२ अंकमा सीमित भएको छ । सोमबार प्रतिनिधिसभाको बैठकमा बोल्दै पूर्वअर्थमन्त्री प्रकाशशरण महतले केही कम्पनीका शेयर मूल्य अस्वभाविकरुपमा बढेको देखिएकाले त्यस्ता कम्पनीको शेयर कारोबारमा बदमासी भएकोबारे नियामकले अनुसन्धान गर्नुपर्ने धारणा राखेका थिए । उनले शेयर बजारमा देखिएको बुलिस ट्रेन्डलाई स्वभाविक रुपमा लिन नसकिने धारणा राखेका थिए ।

'पछिल्लो समय शेयर बजारमा गति देखिएको छ । तर शेयर बजारमा जसरी 'बुलिस ट्रेण्ड' देखिएको छ, त्यसलाई हामीले सहजरुपमा लिनसक्ने अवस्था अवश्य छैन, त्यहाँ केहि चलखेलको सम्भावना प्रशस्त देखिएका छन्', महतले भनेका थिए, 'कतिपय संस्थाको जसरी शेयर मूल्य बढेको छ, त्यो स्वभाविक देखिँदैन । ती संस्थाको क्षमता कति हो र आर्थिक अवस्था कस्तो छ ? नाफा कति दिनसक्छ ? भन्ने आधार नहेरिकनै मूल्य बढेको छ । यतातर्फ सरकार र नियामकको ध्यान जान जरुरी छ ।'

सानो आकारमा पुँजीबजारमा उपस्थित भएका, नाफा समेत दिन नसकेका केही कम्पनीहरुको शेयर मूल्यमा भएको अस्वभाविक वृद्धिलाई हेर्दा महतको भनाइमा आलोचना गर्ने कुनै ठाउँ देखिँदैन । उनले केही संस्थाको शेयर कारोबारमा इन्साइडर ट्रेडिङ समेत भएको हुनसक्ने आशंका व्यक्त गरेका थिए ।

त्यस्तै सोमबारको बैठकमा स्वतन्त्र सांसद अमरेशकुमार सिंहले केही कम्पनीहरुको नाम नै लिएर न्यून बुक भ्यालु भएका कम्पनीको शेयर मूल्य कसरी बढ्यो भनेर प्रश्न गरेका थिए । उनले नेपाल फाइनान्स, सिडिएन हाइड्रोपावर डेभलपमेन्ट, हाथवे इन्टरनेशनल नेपाल लिमिटेड र एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको चलखेलकै आधारमा शेयर मूल्य बढाइएको बताएका थिए । सांसद सिंहले गरेको तर्कसंगत नै कम्पनीहरुको अवस्था देखिँदा उनको भनाइका आधारमा शेयर बजार घटेको भन्नु तर्कसंगत देखिँदैन ।

# लघुवित्त पीडितहरुको समस्या समाधानका लागि विकल्पसहितको प्रतिवेदन पेस



**काठमाडौं/मस–** लघुवित्त पीडितहरुको समस्या समाधानका लागि विकल्पसहितको प्रतिवेदन पेस गर्न गठित कार्यदलले प्रतिवेदन बुझाएको छ । नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर डा. नीलम ढुंगाना तिम्सिनाको संयोजकत्वमा गठित कार्यदलले उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णु पौडेललाई प्रतिवेदन बुझाएको हो । प्रतिवेदनमा सरकारबाट सम्बोधन हुनुपर्ने, नेपाल राष्ट्र बैंकले गर्नुपर्ने, लघुवित्त वित्तीय संस्थाहरुले गर्नुपर्ने र लघुवित्तीय संस्थाका सदस्यहरुले गर्नुपर्ने कार्यहरुका बारेमा सुझाव दिएको छ । सरकारले गर्नुपर्ने कार्यहरुमा बचत तथा ऋण सहकारी संस्था तथा लघुवित्त संस्थाबाट लिएको कर्जाका कारण लघुवित्त वित्तीय संस्थाका ऋणीहरुलाई कठिनाइ भएको गुनासो रहेको सन्दर्भमा बचत तथा ऋण सहकारी संस्थाहरुबाट हुने वित्तीय कारोबारलाई व्यवस्थित गर्न आवश्यक व्यवस्था गर्ने उल्लेख छ ।

यसैगरी नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त वित्तीय संस्थाहरुबाट बाहेक लघुवित्त कार्यक्रमका नामबाट अन्य कुनै पनि संस्थाहरुले लघुवित्त सम्बन्धी कारोबार गर्न नपाइने व्यवस्था गर्नेलगायत छन् । नेपाल राष्ट्र बैंकहरुले गर्नुपर्ने नीतिगत व्यवस्थाहरु बारेमा सम्बन्धित लघुवित्त वित्तीय संस्थाहरुलाई हाल कर्जा नियमित नभएका तथा समस्यामा परेका भनिएका आ-आफ्ना ऋणीहरुको तथ्यांक संकलन गरी नियतवस कर्जा नतिरेका तथा वास्तविक रुपमै समस्यामा परेका ऋणीहरु यकिन गरी अधिकतम ६० दिनभित्र नेपाल राष्ट्र बैंक समक्ष पेस गर्न निर्देशन दिने लगायत छन् । लघुवित्त वित्तीय संस्थाहरुले गर्नु पर्ने कार्यहरुमा समयमा कर्जाको साँवा ब्याज तथा नियमित बचत जम्मा नगर्ने सदस्यहरुलाई ताकेता गर्ने नाममा कार्यस्थलको वातावरण बिगार्ने गरी दबाब तथा मानसिक यातना नदिने लगायतका छन् ।

लघुवित्त वित्तीय संस्थाका सदस्यहरुले पालना गर्नुपर्ने कार्यमा एक संस्थाबाट मात्र कर्जा उपयोग गर्ने, जुन प्रयोजनका लागि कर्जा लिएको हो सोही प्रयोजनमा मात्र प्रयोग गर्ने तथा उक्त परियोजनाबाट भएको नगद प्रवाहबाट नियमित रुपमा किस्ता तिर्ने लगायत छन् । अर्थमन्त्री पौडेलले प्रतिवेदनमा दिइएका सुझावहरु कार्यान्वयनका लागि सबैसँग समन्वय गर्ने र सरकारले गर्नुपर्ने सुझावहरुको औचित्य हेरेर कार्ययोजना बनाएर काम गर्ने बताए ।

नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर डा. तिम्सिनाले वित्तीय साक्षरता कार्यक्रमलाई प्रभावकारी रुपमा अघि बढाउन आवश्यक भएको बताइन् । प्रतिवेदनका अनुसार २०८० साल चैत्र मसान्तसम्म ५५ वटा लघुवित्त वित्तीय संस्था छन् । त्यसमध्ये तीनवटा थोक कर्जा प्रदायक संस्था र बाँकी ५२ वटा खुद्रा कर्जा प्रवाह गर्ने लघुवित्त संस्था छन् । लघुवित्त वित्तीय संस्थाहरुले ४ खर्ब ५३ अर्ब ११ करोड रुपैयाँ कुल प्रवाह गरेका छन् । कुल बचत १ खर्ब ७२ अर्ब ६६ करोड रुपैयाँ र सापटी रकम २ खर्ब २७ अर्ब ६१ करोड रुपैयाँ छ ।

लघुवित्त क्षेत्रमा देखिएको समस्या समाधान गर्न अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाका प्रमुखको संयोजकत्वमा गठित वार्ता समिति र लघुवित्त तथा वित्तीय संस्था पीडितका प्रतिनिधिबीच २०८० साल चैत्र २ गते अर्थमन्त्रालयमा ६ बुँदे सहमति भएको थियो । त्यसै दिन लघुवित्त पीडितहरुको समस्या समाधानका लागि विकल्पसहितको प्रतिवेदन पेस गर्न नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर डा. तिम्सिनाको संयोजकत्वमा ७ सदस्यीय कार्यदल गठन गरिएको थियो ।

# बजारमा कृत्रिम अभाव र कालोबजारी रोक्न सरकारलाई समितिको निर्देशन

**काठमाडौं/मस–** राष्ट्रियसभाअन्तर्गतको संघीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समितिले देशभर गुणस्तरीय वस्तु तथा सेवाको सहज आपूर्तिगरी कृत्रिम अभाव र कालोबजारी रोक्न सरकारलाई निर्देशन दिएको छ । समितिको मंगलबार बसेको बैठकमा सभापति सोनाम गेल्जेन शेर्पाले चाडपर्व सुरू हुनु अगाडिदेखि नै दैनिक उपभोग्य वस्तु तथा सेवाको अस्वाभाविक मूल्यवृद्धि हुने गरेकोप्रति सचेत गराउँदै सरकारलाई मूल्य र कालोबजारी नियन्त्रण गर्न निर्देशन दिएका हुन् । बैठकले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई नियमित बजार अनुगमन गर्न र गराउन निर्देशनसमेत दिएको छ । 'अन्तरमन्त्रालय, तीन तहका सरकारबीच समन्वय र सहकार्य गर्दै बजार अनुगमन प्रभावकारी बनाउनु अत्यावश्यक छ', सभापति शेर्पाले भने,'आमनागरिकको सहज पहुँच हुनेगरी तत्काल सुपथ मूल्य पसल सञ्चालनका लागि समय अवधि र क्षेत्रगत दायरा विस्तार गर्नुस् ।' यस्तै प्रत्येक पसलमा मूल्य सूची अनिवार्य राख्न र उपभोक्ता सचेतनाको कार्यक्रमलाई निरन्तरता दिनसमेत उनले निर्देशन दिए । बैठकमा समितिका सदस्यले सरकारसँग पेट्रोलियम, ग्यास र अत्यावश्यक खाद्यान्नको भण्डारण कम भएको भन्दै चासो व्यक्त गरेका थिए । सदस्यहरुले पेट्रोल र ग्यासको



मौज्दात बढाउनुपर्नेमा जोड दिए । समिति सदस्य राजेन्द्रलक्ष्मी गैरेले भनिन् , 'सरकारसँग भण्डारण छैन, व्यवसायीसँग छ । अत्यावश्यक वस्तु तथा सेवाको भण्डारण छैन भने नाकाबन्दी वा प्रकोपले ढुवानी अवरुद्ध भए के गर्ने ? त्यसैले समयमै सचेत रहनुपर्ने आवश्यकता छ ।' सदस्य उदयबहादुर बोहराले विचौलिया हाबी हुँदा बजार अराजक बन्दै गएको बताए । 'विचौलियाको अन्त्य कसरी गर्ने ? विभागको अनुगमन र कारबाही प्रभावकारी भएन भन्ने गुनासो छ ।

यसमा ध्यानुपर्छ", उनले भने । बैठकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका प्रतिनिधिसँग उपभोग्य तथा अत्यावश्यक वस्तु, सेवाको आपूर्ति एवं वितरण र बजार अनुगमनलगायतका सम्बन्धमा छलफल भएको थियो । मन्त्रालयका सचिव मधु सुदन बुर्लाकोटीले पेट्रोलियम पदार्थको भण्डारण न्यून क्षमता र मुलुकको आन्तरिक आपूर्ति शृंखलामा विचौलिया हाबी हुने समस्याबारे समितिलाई जानकारी गराए ।

विभागका महानिर्देशक राजन पौडेलले भारतबाट चिनी, चामल, गहुँ तथा प्याज आयातमा थप कोटाको व्यवस्था तथा निकासी महसुल छुटगरी आयात सहजीकरणका लागि कूटनीतिक पहल जारी राखेको जानकारी दिए । पेट्रोल सात दिन, डिजेल १२ दिन, मट्टितेल २६ दिन र हवाई इन्धन छ दिनको माग धान्न सक्नेगरी नेपाल आयाल निगमसँग ८९ हजार नौ सय ९० किलोलिटर भण्डारण क्षमता रहेको उनले बताए । यस्तै विभिन्न ग्यास उद्योगसँग नौ हजार १ सय १७ मेट्रिक टन एलपी ग्यासको भण्डारण क्षमता रहेकामा अहिले छ दिनको माग धान्नसक्ने मौज्दात रहेको छ । राष्ट्रिय खाद्यसुरक्षा भण्डारमा २५ हजार मेट्रिकटन र दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को खाद्य बैंकमा आठ हजारगरी ३३ हजार मेट्रिकटन खाद्यान्न मौज्दात कायम हुनुपर्नेमा अहिले ११ हजार मेट्रिक टनमात्र छ । साल्टट्रेडिङ कर्पोरेसनमार्फत दुर्गम क्षेत्रका १७ जिल्लाका ६१ स्थानमा स्थानीय मागका आधारमा सरकारले अनुदानमा नुन ढुवानीको व्यवस्था मिलाइएको र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडसँग देशभरमा गरी एक लाख ५० हजार मेट्रिकटन भण्डारण क्षमता रहेको जानकारी दिइएको थियो ।

# बिम्स्टेक सम्मेलनमा भाग लिन उद्योगमन्त्री भण्डारी भारतमा

**काठमाडौं/मस–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक विकासका लागि बंगाल खाडीको प्रयास (बिम्स्टेक) व्यापार शिखर सम्मेलनमा सहभागी हुन भारत गएका छन् ।

कन्फेडेरेसन अफ इन्डियन इन्डष्ट्रीज्ले विदेश मन्त्रालयसँगको सहकार्यमा मंगलबारदेखि बिहिबारसम्म आयोजना गरेको बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक विकासका लागि बंगाल खाडीको प्रयास (बिम्स्टेक) व्यापार शिखर सम्मेलनमा सहभागी हुन भारत गएका हुन् ।



सम्मेलनका क्रममा नेपालका तर्फबाट बिम्स्टेकबाट नेपालको व्यापार व्यवसाय प्रवर्द्धनमा लिन सकिने फाइदा र भार तसँगको व्यावसायिक हितका विषयमा छलफल हुने बताईएको छ। सम्मेलनमा मन्त्री भण्डारीको उपस्थितिले नेपालका लागि दक्षिण एसियाली र पूर्वी एसियाली क्षेत्रीय बजार पहुँच अभिवृद्धि, नेपालको स्तरोन्नति पश्चात नेपालले बजार पहुँच सुविधा गुमाउने सन्दर्भमा नयाँ क्षेत्रीय बजारमा सौविध्यपूर्ण बजार पहुँच प्राप्त हुने र नोक्सानी न्यूनीकरणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । नेपाली वस्तु निर्यातका लागि बजार वृद्धि हुने, क्षेत्रीय मूल्य श्रृंखलामा आबद्धता अभिवृद्धि हुनसक्ने, व्यापार सहजीकरण भन्सार सहयोग र व्यापार तथा 'लजिष्टिक्स' लागत न्यूनीकरण हुनसक्ने, क्षेत्रीय लगानी आप्रवाह बढ्न सक्ने, पर्यटन आप्रवाहमा वृद्धि हुनसक्ने, सूचना प्रविधि सेवा लगायतका सेवा निर्यात अभिवृद्धि हुनसक्ने नेपालका तर्फबाट अपेक्षा गरिएको छ ।

## कर्पोरेट संक्षिप्त

### नबिल बैंक र नमस्ते पे वालेटबीच साझेदारी




**काठमाडौं/मस** – नबिल बैंकले नमस्ते पे वालेटसँग साझेदारी गरेको छ । नबिल बैंकका ग्राहकहरुले नमस्ते पे वालेटका विभिन्न सेवाहरु उपयोग गर्ने उद्देश्यले सो समझदारी भएको हो । मंगलबार आयोजित एक कार्यक्रमका बिच नबिल बैंकका तर्फबाट रिटेल कारोबार बैंकिङ प्रमुख निरज शर्मा र नमस्ते पे वालेटका तर्फबाट डेपुटी सिइओ विनय बिजुक्छेले समझदारी पत्रमा हस्ताक्षर गरेका हुन् । यो सहकार्यसँगै अब नबिल बैंकका ग्राहकहरुले मोबाइल बैंकिङ एप्लिकेसनमार्फत् आफ्नो नमस्ते पे वालेटमा सजिलैसँग पैसा लोड गर्न तथा वालेटबाट खातामा रकमान्तर गर्न सक्नेछन् । सम्झौतामा हस्ताक्षर गर्दै, नबिल बैंकका रिटेल कारोबार बैंकिङ प्रमुख शर्माले सो साझेदारीले बैंकका ग्राहक र नमस्ते पे प्रयोगकर्ताहरुले लाभ लिन सक्ने बताए ।

नमस्ते पे वालेटका डेपुटी सिइओ बिजुक्छेले सो साझेदारीले नमस्ते पेको सेवा दायरा बढाउन र अझ बढी प्रयोगकर्तालाई आकर्षित गर्न मद्दत गर्ने बताए । यस नयाँ प्लेटफर्मको अतिरिक्त, नबिल एनबैंक एप प्रयोगकर्ताहरुले अब ई सेवा, खल्ती, र नमस्ते पे वालेटका सेवाहरु पनि उपयोग गर्न सक्नेछन् । यो सेवा शुरु भएपछि, नबिल बैंकका ग्राहकहरुले थप सहज र सुरक्षित तरिकाले डिजिटल भुक्तानी गर्न सक्नेछन् ।

### ग्लोबल आइएमईबाट जापान जाने विद्यार्थीले सहजै कर्जा पाउने

**काठमाडौं/मस** – ग्लोबल आइएमई बैंक, आइएमई तथा जापानिज भाषा शिक्षक संघ नेपाल (जाल्टान) बीच त्रिपक्षीय समझदारी पत्रमा हस्ताक्षर भएको छ । उच्च शिक्षाका लागि जापान जान चाहने विद्यार्थीहरुलाई सहज शैक्षिक कर्जा प्रवाह गर्ने सम्बन्धमा त्रिपक्षीय समझदारी भएको हो ।




उक्त समझदारी पत्रमा बैंकका नायव प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेल, आइएमई लिमिटेडका प्रमुख सम्बन्ध व्यवस्थापन सुशिल थापा तथा जाल्टानका अध्यक्ष राजेन्द्र केसीले हस्ताक्षर गरे । समझदारीअनुसार बैंकले जाल्टानबाट सिफारिस भएका विद्यार्थीहरुलाई जापानका विभिन्न विश्वविद्यालयहरुमा उच्च शिक्षाका निमित्त आवश्यक पर्ने शैक्षिक कर्जा प्रवाह गर्नेछ । यसैगरी, जापान गए पश्चात् विद्यार्थीहरुले जापानबाट आइएमईबाटै सजिलैसँग नेपालमा पैसा पठाउन सक्नेछन् ।

### नेपाल माइक्रो इन्स्योरेन्सले आईपीओ निष्काशन गर्ने

**काठमाडौं/मस** – नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेडले आईपीओ निष्काशन गर्ने भएको छ । कम्पनीले जारी पुँजीको ३० प्रतिशतले हुन आउने २२ करोड ५० लाख रकम बराबरको कूल २२ लाख ५० हजार कित्ता साधारण शेयरहरु प्रति शेयर अंकित मूल्य एक सयका दरमा सर्वसाधारणहरुमा निष्काशन गर्ने भएको हो । शेयर निष्काशन गर्नको लागि कम्पनीले एनआइएमबि एस क्यापिटल लिमिटेडलाई धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नियुक्त गरी सम्झौता गरिएको छ ।

उक्त सम्झौतापत्रमा निष्काशन कम्पनीका तर्फबाट प्रमुख कार्यकारी अधिकृत मृगेन्द्रनाथ रिमाल र निष्काशन तथा बिक्री प्रबन्धकका तर्फबाट महाप्रबन्धक सचिन्द्र ढुंगानाले हस्ताक्षर गरेका छन् ।




न्यून आय भएका एवं पिछडिएका क्षेत्रका बासिन्दा र सिमान्तकृत समुदायका व्यक्तिहरुलाई लघु बीमा सेवा पुऱ्याउने लक्ष्य लिई सो माइक्रो फाइनान्सले व्यवसाय गर्दै आएको छ ।

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ